# शताब्दी पुरुषको सय वर्ष

(लघु जीवनी)

नई प्रकाशन

नई प्रकाशन

२०५२

# शताब्दी पुरुषको सय वर्ष

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
प्रुफरिडर : लवप्रसाद भण्डारी
आवरण चित्र : वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी
आवरण चित्रकार : राजन काफ्ले
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १४२
मोल : एक सय रुपियाँ
© सुरक्षित, २०७६ साल (2019)

ISBN: 978-9937-509--76-3
**Satabdi Purusko Saya Barsha**
(A Short Biography of Satya Mohan Joshi by Narendra Raj Prasai)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे छ दर्जनजति कृतिमध्ये दुई दर्जनभन्दा बढी जीवनीकृति प्रकाशित भइसकेका छन् भने सात सयवटाभन्दा बढी फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नेपाली वाङ्मयका फाँटमा श्रद्धेय व्यक्तित्वका रूपमा स्थापित शताब्दी पुरुष सत्यमोहन जोशीको योगदान अपरिमेय छ । जोशीको त्यही अनवरत योगदानको कदरस्वरूप उनी नेपाली संसारमा 'वाङ्मय शताब्दी पुरुष' को उपाधिले समेत सम्मानित भए । उनीबारे नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'शताब्दी पुरुष : सत्यमोहन जोशी' नामक जीवनीकृति २०७२ सालमा प्रकाशित भएको हो । स्कुलस्तरीय विद्यार्थी तथा सामान्य पाठकका लागि समेत अध्ययन गर्न अझै सहज होस् भन्नेहेतुले 'शताब्दी पुरुषको सय वर्ष' नामक लघु जीवनी पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईकृत 'शताब्दी पुरुषको सय वर्ष' नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन

# विषयसूची

भूमिका : प्रा राजेन्द्र सुवेदी • ९
लेखकीय • १९
•
१. शताब्दी पुरुष किन र कसरी ? • २३
२. शताब्दी पुरुषको जीवनगाथा • ३७

# शताब्दी पुरुषको सय वर्ष
# नरेन्द्रराज प्रसाईकृत आदर्श लघु जीवनी

**१. विषय व्यवस्थापन**

नेपाली जीवनी साहित्य सृजनामा हालसम्मको स्थितिमा सर्वाधिक उच्चता प्राप्त गरेका नरेन्द्रराज प्रसाईको प्रस्तुत 'शताब्दी पुरुषको सय वर्ष' सत्ताइसौँ जीवनीमा केन्द्रित कृति हो । यस कृतिका आधारमा प्रसाई जीवनी लेखनलाई सङ्क्षिप्त आयतनमा पनि प्रस्तुत गर्न समर्थ छन् भन्ने तथ्य स्थापना गर्न सफल देखिन्छन् । जीवनीका पात्रहरू शून्यमा खडा हुने प्राणी होइनन् । उनीहरूका वरिपरि समाज र परिवेश हुन्छ, अनि संस्कृति र धर्मको परिवृत्त हुन्छ । त्यति मात्र होइन त्यस पात्रमा उसको वंशगत प्रभाव र संस्कारजन्य आचरणका प्रकार्यहरूको प्रभाव पनि रहन्छ । प्रकार्यले जीवनी लेखनका क्रममा त्यस्ता अनेक समाज, संस्कृति र धर्मका परिवृत्तका पात्रहरूलाई उपयोग गरेका हुन्छन् । भाषाको संयम र धैर्यको श्रेणी बिस्तारै उत्तरोत्तर उचाइमा पुगेर जीवनीमा समायोजित बनेको हुन्छ । समष्टि पात्रहरूको, स्वभाव, संस्कार र संवेदनाको तह उपस्थापनका निम्ति गरिएका प्रयत्नहरू जीवनीका सम्पूरक तत्त्व बनेर प्रकटमा आएका हुन्छन् ।

नरेन्द्रराज प्रसाईले 'शताब्दी पुरुषको सय वर्ष' नामक लघु जीवनी जम्मा दुई प्रकरणमा लेखेका छन् । यी दुई प्रकरणमा पहिलो 'शताब्दी पुरुष किन र कसरी ?' र दोस्रो प्रकरण 'शताब्दी पुरुषको

जीवन गाथा' शीर्षकमा यस कृतिको व्यवस्थापन गरिएको छ । पहिलो प्रकरणमा 'शताब्दी पुरुषको अवधारणा र त्यसको उत्कर्षसम्मको यात्रालाई विषय बनाएर टुङ्ग्याइएको छ र दोस्रो प्रकरणचाहिँ सत्यमोहन जोशीको जीवनका विविध आयाम र तिनमा आएका ऊहापोहको स्थापना गरेर उनको 'शतायुलाई पाठकसामु प्रस्तुत गरेर टुङ्ग्याइएको छ । यी दुवै मूल प्रकरणहरूलाई उपप्रकरण र सूक्ष्म उपप्रकरणमा पनि विभाजन गरिएको छ । जसअनुसार पहिलो प्रकरणको व्यवस्थापन यस प्रकार भएको छ–

(१) 'शताब्दी पुरुष किन ? (२) सरकारले पत्याउनैपर्ने 'शताब्दी पुरुष (३) त्रिमूर्ति निकेतनबाट 'शताब्दी पुरुष (४) 'शताब्दी पुरुषमाथि वक्रीसोच र बौद्धिक खडेरी (५) 'शताब्दी पुरुषलाई सरकारी संरक्षण र (६) वाङ्मय 'शताब्दी पुरुषको घोषणा ।

यसरी विभाजित बनेको छवटा उपप्रकरणअन्तर्गत पनि विविध सन्दर्भका आधारमा सूक्ष्म उपप्रकरण पनि उपयोगमा आएका छन् । त्यस्ता सूक्ष्म उपप्रकरणहरूमध्ये पहिलो उपप्रकरणलाई ससाना एकएक बिन्दु दिई कथनको प्रवाहमा नयाँ प्रसङ्ग उपस्थापन गरिएको छ । यसअनुसार पहिलो र अन्तिम उपप्रकरणलाई दुईदुई सूक्ष्म उपप्रकरणमा विभाजन गरिएको छ । यस कारण पहिलो प्रकरणमा छवटा उपप्रकरण र बाँकी दुई सूक्ष्म उपप्रकरणमा विभाजन भएका कारण आठवटा उपकरणगत सन्दर्भमा विभाजित गरिएको छ ।

कृतिको दोस्रो प्रकरणचाहिँ 'शताब्दी पुरुषको जीवन गाथा' 'शीर्षकमा सत्यमोहन जोशीको जीवनीलाई लघु चर्चामा केन्द्रित गरिएको छ । यो प्रकरण पनि सत्रवटा उपप्रकरणका आधारमा विभाजित बनेको छ । तिनको व्यवस्थापन निम्नानुसार भएको छ–

(१) सत्यमोहन जोशीका पुर्खा, (२) जोशीको जन्म, (३) जोशीको बिहे र सन्तान, (४) जोशीको शिक्षा, (५) जोशीको

साहित्यप्रवेश, (६) जोशीको जागिर, (७) जोशीको भ्रमण, (८) जोशीको कर्णाली मोह, (९) जोशी र प्रज्ञाप्रतिष्ठान, (१०) जोशीबाट अरनिकोको खोज, ११) जोशीद्वारा नेपाली मुद्राको अन्वेषण, (१२) जोशीको भाषाप्रेम, (१३) जोशीलाई शताब्दी पुरुषको उपाधि, (१४) जोशी : विभूषण, रथारोहण, पुरस्कार र सिक्का, (१५) जोशीको सय वर्ष, (१६) जोशीको जीवनशैली र (१७) जोशीका कृति ।

यसरी 'शताब्दी पुरुषको सय वर्ष' नामक लघु जीवनीमा स्रष्टा प्रसाईले जोशीको जीवनका विविध आयामका अनेक विषयहरू लघु आयतनमा समेट्ने र सङ्क्षिप्तमा अधिक अर्थ सम्प्रेषण गर्ने काम गरेका छन् । यी सत्रवटा उपप्रकरणमध्ये सत्रौँचाहिँ उपप्रकरणलाई दुई सूक्ष्म उपप्रकरणमा विभाजित बनेका कारण जम्मा अठारवटा प्रकरणगत विशिष्टता कायम भएका छन् ।

## २. चरित्र व्यवस्थापन

लघु आकृतिको 'शताब्दी पुरुषको सय वर्ष' नामक कृतिमा नेपाली सभ्यताको सङ्क्षिप्त बिम्ब, नेपालको इतिहासको सङ्क्षिप्त बिम्ब, नेपालको पञ्चायतकालीन राजनीतिक बिम्ब, नेपालको सांस्कृतिक इतिहासको लघु बिम्ब, नेपालको समकालीन राजनीतिक बिम्ब पनि यहाँ समीकृत बनेको अवस्था छ । यहाँ जति पात्र छन् तिनले त्यति नै सामाजिक स्थितिका संवेदना र सांस्कृतिक बिम्बहरूको प्रतिनिधित्व गरेका छन् ।

'शताब्दी पुरुषको सय वर्ष' नामक प्रस्तुत जीवनीकृतिमा नेपालको प्राचीनदेखि अर्वाचीनसम्मका सांस्कृतिक र साहित्यिक जीवनका पात्र, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा प्रशासनिक जीवनका पात्रहरू, राजनीतिक जीवनका पात्रहरू यस कृतिका केन्द्रीय पात्र सत्यमोहन जोशीको वरिपरि धेरै अनुकूल र थोरै प्रतिकूल बनेर जोडिन आएका छन् । तिनका सदाचार र दुराचारका पक्षहरू पनि

यस कृतिमा भूमिका निर्वाह गर्न आएका छन्; तिनको क्रमिक उपस्थिति यस्तो छ–

समष्टि पात्रहरू अर्थात् 'हामी'को केन्द्रीय पात्र स्रष्टा सर्वदर्शी प्रथम पुरुष दृष्टिबिन्दुमा टिकेको लेखक सकरात्मकताको सहभागी र नकारात्मकताको आलोचक–

(क) **सर्वदर्शी प्रथम पुरुष दृष्टिबिन्दुमा केन्द्रित स्रष्टा पात्र** : १. नरेन्द्रराज प्रसाई, (जम्मा १) ।

(ख) **समस्त समस्या र स्थितिको भोक्ता जीवनीको आधार तृतीय पुरुष केन्द्रीय पात्र** : १. शताब्दी पुरुष सत्यमोहन जोशी, (जम्मा १) ।

(ग) **कृतघ्न संवेदनाका प्रदर्शक राजनीतिक पात्र** : १. खड्गप्रसाद शर्मा वली, (जम्मा १) ।

(घ) **राजनीतिक जीवनका कृतज्ञ संवेदनाका पात्रहरू** : १. कमल थापा, २. कीर्तिनिधि विष्ट, ३. चाओ एन लाई, ४. चिरीबाबु महर्जन, ५. ज्ञानेन्दवीरविक्रम शाह, ६. तुलसा गौतम, ७. दिलनाथ गिरी, ८. दीनानाथ शर्मा (साहित्यिक जीवनका समेत), ९. महेन्द्रवीरविक्रम शाह, १०. माओ त्सेतुङ, ११. मोदनाथ प्रश्रित, (साहित्यिक जीवनका समेत) १२. वामदेव गौतम, १३. विद्यादेवी भण्डारी, १४. सुशील कोइराला, १५. सूर्यबहादुर थापा, (जम्मा १५) ।

(ङ) **राजनीतिक जीवनका अकर्मण्य पात्रहरू** : १. माधवकुमार नेपाल, २. मिनेन्द्र रिजाल, ३. रघुजी पन्त, (जम्मा ३) ।

(च) **राजनीतिक जीवनका तटस्थ पात्रहरू** : १. पुष्पकमल दाहाल (प्रचण्ड), २. वीरेन्द्रवीरविक्रम शाह, (जम्मा २) ।

(छ) **पारिवारिक जीवनका तटस्थ पात्रहरू** : १. अणुराज, जोशी (कृतज्ञसमेत), २. काबेरी जोशी, ३. खड्गलक्ष्मी जोशी, ४. गङ्गा जोशी, ५. गणेशबहादुर श्रेष्ठ, ६. नरसिंहराज जोशी,

७. पूर्णराज जोशी, ८. मोतीलक्ष्मी अमात्य, ९. राजकुमारी जोशी, १०. राधादेवी जोशी, ११. शङ्करराज जोशी, १२. हेमन्तराज जोशी, (जम्मा १२) ।

(ज) **सांस्कृतिक र साहित्यिक जीवनका कृतज्ञ पात्रहरू** : १. इन्दिरा प्रसाई, २. उषा ठाकुर, ३. उषा शेरचन, ४. केदारमान व्यथित, ५. के.के.कर्माचार्य, ६. चूडामणि बन्धु, ७. पुस्करशमशेर, ८. प्रदीप रिमाल, ९. बालकृष्णशमशेर, १०. भानुभक्त आचार्य, ११. भीमनिधि तिवारी, १२. मदनदास श्रेष्ठ, १३. महादेव अवस्थी, १४. माधवप्रसाद घिमिरे, १५. राजेन्द्र सुवेदी, १६. लक्ष्मीप्रसाद देवकोटा, १७. लेखनाथ पौडयाल, १८. विहारीकृष्ण श्रेष्ठ, १९. वैरागी काहिँला, २०. शशिकला मानन्धर, २१. सुमन ढकाल, (जम्मा २१) ।

(झ) **इतिहास, साहित्यिक र पत्रकारिता जीवनका तटस्थ पात्रहरू** : १. चित्तरञ्जन नेपाली, २. मल्ल के.सुन्दर, (जम्मा २) ।

(ञ) **सामाजिक, शैक्षिक, प्रशासन तथा प्रशासनिक जीवनका पात्रहरू** : १. परशुरामभक्त माथेमा, २. बद्रीविक्रम थापा, ३. रामप्रसाद उप्रेती, ४. रुद्रराज पाण्डे, ५. वासुदेव भट्टराई, ६. सोमलाल सुवेदी, (जम्मा ६) ।

(ट) **सामाजिक जीवनका कृतज्ञ पात्र** : १. सुरबहादुर श्रेष्ठ, (जम्मा १) ।

(ठ) **सामाजिक विश्वजीवनका पात्रहरू** : १. एड्मन्ड हिलारी, २. तेन्जिङ शेर्पा, (जम्मा २) ।

(ड) **ऐतिहासिक पात्रहरू** : १. अरनिको, २. गिजेज, ३. जयप्रकाश मल्ल, ४. त्रिभुवन वीरविक्रम शाह, ५. पृथ्वीनारायण शाह, ६. पृथ्वीवीरविक्रम शाह, ७. प्रताप मल्ल, ८. भृकुटी, ९. महेन्द्र मल्ल, (जम्मा ९) । समग्र उपस्थित पात्रहरू : १+१+१+१५+३+२+१२+२१+२+६+१+२+९=७६)

'शताब्दी पुरुषको सय वर्ष' नामक प्रस्तुत जीवनी कृतिमा प्रत्यक्ष रूपमा जम्मा ७६ जना नामिक पात्रको उपस्थिति छ । अप्रत्यक्ष र अगणित अन्य सार्वजनिक पात्रहरूको पनि उपस्थिति छ । सत्यमोहन जोशी केन्द्रीय तथा मूल पात्रका रूपमा उपस्थित भएका छन् । साथै भाषासाहित्य र संस्कृतिका केन्द्रीय बिम्ब बनेका सत्यमोहन जोशीको प्रथम परिवृत्तमा रहेका पात्रहरू जीवनी कृतिमा अनुकूल पात्रका रूपमा उपस्थित भएका छन् ।

## ३. संवेदनागत आधारमा पात्रको क्रियाकलाप

कृतज्ञ संवेदनाका पात्रहरूमध्ये राजनीतिक, पारिवारिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रका पात्रहरू पनि यहाँ उपस्थित देखिन्छन् । सामाजिक तथा ऐतिहासिक पात्रहरू पनि निकै अनकूल र कृतज्ञ किसिमका देखिन्छन् । नरेन्द्रराज प्रसाईको यस जीवनीकृतिले नेपाली समाजको सांस्कृतिक र साहित्यिक तथा कलागत संवेदनाका तहमा जीवनमूल्य, सामाजिक, सांस्कृतिक र शिष्ट जीवनशैलीको केन्द्रमा जोशीलाई स्थापित गरेको छ । समाजका अधिकांश जनता कला, संस्कृति र साहित्यसंवेदनामा अनुकूल र कृतज्ञ रहन्छन् भन्ने निष्कर्ष यस कृतिले निकालेको छ ।

## ४. संवेदनागत आधारमा केही साक्ष्यहरू

यहाँ केही उद्धरणका आधारमा अकर्मण्य, कृतघ्न, तटस्थ, कृतज्ञ आदि अनेक चिन्तनका भावलाई जीवनीकारले सटीक ढङ्गले राखेका छन् । जीवनीकारकै कथनबाट उदाहरण लिएर पुष्टि गर्नु सान्दर्भिक हुन्छ । नेपाली राजनीतिक तथा शासकीय सत्ता र प्रशासकीय जिम्मेदारीमा केही कृतघ्न तथा अकर्मण्यहरू आरोहित हुन पुग्दा हुने दुर्घटना समयसमयमा यस मुलुकले भोग्नुपरेको छ भन्ने कुरा जीवनीकारका निम्न सन्दर्भहरूले पुष्टि गरेका छन् । अकर्मण्यताको एक उद्धरण–

*हाम्रो कुरा सुनेर प्रधानमन्त्री नेपालले भनेका थिए– 'संस्कृति मन्त्री नेपाली काङ्ग्रेस दलका मिनेन्द्र रिजाल हुनुहुन्छ, त्यसैले कुलपति काङ्ग्रेसैका भागमा परेको छ । हामी जोशीलाई कुलपति बनाउन सक्दैनौं । कुलपति पदका लागि काङ्ग्रेसले वैरागी काहिँलाको नाम दिइसकेको छ ।' त्यसपछि तुरुन्तै पन्त पनि बोलेका थिए– 'हाम्रो कोटामा उपकुलपतिको पद परेको छ, त्यो पदका लागि हामीले गङ्गाप्रसाद उप्रेतीको नाउँ पठाएका छौं ।'* (यसै कृतिको पृष्ठ २६)

प्रस्तुत उद्धरणमा देखिने शासक र तिनका सल्लाहकार तथा सहयोगीहरूको अकर्मण्यताले प्रज्ञा र प्रतिष्ठान के हो भन्ने कुरा नबुझी नै त्यहाँ पद पजनी भइसकेको छ । मुलुकमा जुनसुकै शासन पद्धति प्रचलनमा भए पनि शासक र यसका वरिपरि गणेशभक्तिमा लागेका अन्धाहरू भएपछि विवेकको दृष्टि गुम भइसकेको हुन्छ । उनका लागि प्रज्ञाप्रतिष्ठान पनि दलको मल सफा गर्नेहरूका निम्ति बकस हुन्छ । थुम्का, चम्का र आलीको उचाइ भएका र दलको आराधनामा समर्पित भक्त नै प्रज्ञावान् ठहर्छन् भन्ने कुरा यहाँ प्रस्तुत छ । यसै सन्दर्भमा अकर्मण्यताको अर्को एक उद्धरण यस्तो छ–

*जोशीजस्ता शिखर साहित्यिक व्यक्तित्व नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति हुनुपर्छ भन्ने तमाम साहित्यकारको माग थियो । तर उनी न राजाका पालामा उपकुलपति (र कुलपति) हुन सके न बहुदलीय व्यवस्था आएपछि नै पनि कुलपति हुन सके । अझ राजा फालिइसकेपछि पनि प्रज्ञाप्रतिष्ठानजस्तो गरिमामय ठाउँका लागि उनको खोजीनिती नै हुन सकेन । अनि त्यो पवित्र ठाउँ पनि भीषण दलगत भागबन्डामा चिरैचिरा हुन थाल्यो । खास गरेर गणतान्त्रिक युगमा शिखरहरू पाखा अनि थुम्का, ढिस्का र आलीहरू काखा हुन थाले ।* (यसै कृतिको पृष्ठ ४८)

राजसंस्थाको सत्ता भए पनि र लोकतन्त्रात्मक वा गणतन्त्रात्मक दलीय शासनपद्धति भए पनि अकर्मण्यता र कृतघ्नताको अन्धकारमा डुबेका शासकलाई न त प्रज्ञाको उच्चता भन्ने चीजको ज्ञान भयो न त प्राज्ञिक गरिमा कुन चराको नाम हो भन्ने नै यिनलाई थाहा भयो । यस प्रकारको ध्वाँसो पोतिएको कृतघ्नीको दिमागमा पूरै खुराफातको अन्धकार मडारिएको हुन्छ । त्यस्तो व्यक्तिले कुन बेला के बोल्नुपर्छ र म अहिले के बोल्दै छु भन्ने पनि ध्यान राख्न सक्दैन र संयम पनि गुमाइसकेको हुन्छ । यस कुरालाई पुष्टि गर्न कृतघ्नताको एक मात्र उद्धरण तल प्रस्तुत गरिएको छ–

> *सत्यमोहन जोशीकै 'अरनिकोकृत श्वेत चैत्य' महाकाव्य लोकार्पणका अवसरमा प्रमुख अतिथि प्रधानमन्त्री खड्गप्रसाद शर्मा वलीले भाषणकै क्रममा प्रश्न गरेका थिए– 'शताब्दी पुरुष भनेको के हो ? यो शब्द कहाँबाट आयो ? मैले शताब्दी पुरुषको अर्थ बुझेको छैन ।' प्रधानमन्त्रीले आफ्नै मुखबाट यस्ता कटु शब्द ओकलेर जोशीलाई पनि लाजमर्दो पार्न खोजेका थिए ।* (यसै कृतिको पृष्ठ २९)

यहाँ देशको प्रधानमन्त्रीको भाषणको सन्दर्भ उद्धृत भएको छ । यस प्रकारको असहिष्णु र कृतघ्नताको भाव उद्घाटित हुने वाक्यहरू उक्त भाषणमा प्रस्तुत हुनु स्वयम् वक्ताका लागि नै पनि लज्जाजनक हो कि होइन ? कृति लोकार्पण गर्न प्रमुख अतिथि बनेर पुगेको व्यक्ति उक्त स्रष्टाकै कृति हातमा लिएर लोकार्पित गरिसकेपछि तिनै स्रष्टाप्रति यति छुद्र वाक्य प्रहारका साथ खनिनाले तिनले आफ्नो कृतघ्न भावको भण्डार पनि सहज ढङ्गले देखाएको आश्चर्य यहाँ उद्धृत वाक्यले प्रकट गरेको छ ।

प्रस्तुत कृतिको भूमिका लेखिरहँदा र कृतज्ञताको सन्दर्भ पहिल्याइरहँदा मलाई अर्को एक सन्दर्भले नराम्रोसँग झस्काइदिएको

छ, त्यो के भने शताब्दी पुरुषसँग जोडिएका जेजति राम्रा काम भएका छन् ती कामहरू प्रधानमन्त्री खड्गप्रसाद शर्मा वलीको हातबाट बिटुलिन पाएका छैनन् । बिटुलिएको त्यही एउटा कृति विमोचनको सन्दर्भ मात्र हो । जहाँ वलीको उपस्थिति छ त्यहाँ उनको हात होइन, मुख पनि दुर्वाच्य बोल्न पुगेको छ भन्ने कुराको र कृतघ्नताको सन्दर्भ माथिका साक्ष्यले सिद्ध गरिदिएको छ । हामी माझ कृतज्ञताको भाव प्रकट गर्ने व्यक्तित्वको पनि अभाव छैन भन्ने कुरा प्रस्तुत गर्न कृतज्ञ संवेदनाको एक उद्धरण प्रस्तुत गरिनु सान्दर्भिक हुन्छ–

> *त्यस बेला सुशील कोइराला प्रधानमन्त्री थिए । उपप्रधानमन्त्री वामदेव गौतमको प्रस्तावअनुसार 'शताब्दी पुरुष सत्यमोहन जोशीको औषधि उपचारको सम्पूर्ण खर्च नेपाल सरकारले बेहोर्ने' भनेर मन्त्रिपरिषद्बाट २०७१ साल मङ्सिर २५ गते निर्णय भएको थियो । त्यति मात्र नभएर मन्त्रिपरिषद्को निर्णयमा गौतमले 'शताब्दी पुरुष सत्यमोहन जोशी' भन्ने शब्दसमेत पारिदिएका थिए । त्यति बेला मन्त्रिपरिषद्को अभिलेखमा सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' भन्ने शब्द लेखिनु सामान्य कुरा थिएन ।* (यसै कृतिको पृष्ठ ३३)

प्रस्तुत उद्धरणबाट कृतज्ञताको अवसान भएको छैन भन्ने कुरा पनि सिद्ध भएको छ । कृतज्ञतालाई तिलाञ्जली दिएका व्यक्ति मात्र सत्ताको उच्च शासनमा पुग्ने हुन् कि भन्ने प्रभावचाहिँ जनतामा पर्न पाएको छैन । उद्धृत साक्ष्यहरूमा रहेका व्यक्तित्वमा निहित कृतज्ञताका भावले नरेन्द्रराज प्रसाईको प्रस्तुत 'शताब्दी पुरुषको सय वर्ष'नामक कृतिका पाठकलाई औसतमा सकारात्मक र आशावादी स्थितिमा पुऱ्याएको छ । यसरी प्रस्तुत कृति सत्यमोहन जोशीको केन्द्रमा जोडिन आएका परिधीय पात्रको बहुविध आचरण प्रस्तुत गरेर सानादेखि ठूलासम्म प्रभाव प्रक्षेपण गरेर जीवनी अन्त भएको छ ।

## ५. उपसंहार

यथार्थ पात्रको विस्तृत जीवनवृत्तलाई अनुकूलन गरी सङ्क्षिप्त संस्करण गरिएको नरेन्द्रराज प्रसाईकृत 'शताब्दी पुरुषको सय वर्ष' थोरैमा धेरै जान्न खोज्ने जिज्ञासुलाई उपयोगी हुने आदर्श लघु जीवनीकृति बनेको छ । शोधार्थी तथा परीक्षार्थीका निम्ति र जीवनवृत्तका सूचना थोरैमा धेरै समेट्न चाहने सरोकावालाहरूका निम्ति पनि यो कृति आदर्श नमुना बनेको छ ।

प्रस्तुत कृति एक लघु उपन्यासको आभास दिने कृति बनेको छ । एकातर्फ नकारात्मक प्रवृत्तिका खल पात्रको एन्टागोनिस्ट चरित्र र अर्कातर्फ सौम्य र सदाचारयुक्त प्रोटागोनिस्ट चरित्रको योजना गरेर कृति तयार गर्ने काम भएको छ । सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईले एकातिर एउटा सनसनीपूर्ण जासुसी उपन्यासको संवेदना दिने र अर्कातिर सौम्य, शिष्ट र सहज कथानकको व्यवस्थापन गरेर निर्माण गरेको स्थिति यस जीवनीकृतिले सिद्ध गरेको छ । जोशीको शताब्दीको जीवनगाथालाई सङ्क्षेपीकृत रूपमा प्रस्तुत गर्ने कठिन कार्य पनि सहजै सम्पन्न गर्ने नरेन्द्रराज प्रसाईले 'शताब्दी पुरुषको सय वर्ष' मार्फत पनि लेखनीको अर्को उपलब्धि हासिल गरेका छन् । तथ्य र जीवन्त पात्रलाई आख्यानीकृत गरी यस प्रकारको जीवनीकृति लेखेर नेपाली समाजका लगभग एक शताब्दीको बिम्ब यस कृतिमा समेट्ने काम भएको छ र यस कृत्यले स्रष्टा प्रसाईलाई पनि जीवनीकृति निर्माणको आदर्श बिम्ब बनाइदिएको छ ।

**• प्रा.राजेन्द्र सुवेदी**

# लेखकीय

वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी नेपाली वाङ्मय क्षेत्रका एक जना कर्मठ, विशिष्ठ र प्रेरक व्यक्तिको नाउँ हो । जोशीको ओजपूर्णको व्यक्तित्व र कृतित्व नेपाली धरामा सधैँ सुरक्षित हुनेछ । उनको त्यही बेहोरा लिपिबद्ध गरेर मैले 'शताब्दी पुरुष : सत्यमोहन जोशी' (२०७२) नामक जीवनीकृति लेखेको थिएँ । त्यही मेरो कृतिलाई डा.जोशीले पनि आफ्नो मानक जीवनीकृति माने । साथै त्यही कृतिलाई उनका जेठा छोरा अणुराज जोशी (अङ्ग्रेजी, नेपाली र नेवारी भाषाका अनुवादक विद्वान्) ले अङ्ग्रेजी भाषामा अनुवाद गरी Century Person : Satya Mohan Joshi नामाकरण गरे । २०७४ सालमा त्रिमूर्ति निकेतनबाट उक्त कृति प्रकाशनमा आयो ।

शताब्दी पुरुष डा.सत्यमोहन जोशीउपर लेख्न त धेरैले धेरै कुरा लेखिसकेका छन् । तर ती लेखोट कति मात्रामा सत्यतथ्य भएरप्रस्तुत भएका छन् भन्ने बेहोरा अनुसन्धानले बुझाउने कुरा हुँदै हो । शताब्दीपुरुषबारे नयाँ र पुराना कुरा कति ठाउँमा श्रुतिका रूपमा आए, आएनन् त्यस प्रकारको जानकारी सबैलाई नहुन पनि सक्छ । किनभने कति कुरा लिपिमा आएका नै पनि हुँदैनन् । त्यसैले उनैको रोहबरमा उनका सन्दर्भमा हामीले देखेका, भोगेका र सुनेका कुरा त्यसै बिलाएर नजाऊन् भन्ने मनसायले नै मैले फेरि 'शताब्दी पुरुषको सय वर्ष' नामक कृति लेखेँ । डा.जोशीको सय वर्ष मनाइएको

उत्सवको एउटा स्थायी चिनोका रूपमा समेत मैले यस कृतिलाई प्रस्तुत गरेको छु । प्रस्तुत लघु जीवनी सर्वसाधारण पाठकका लागि समेत उपयोगी हुनेछ भन्ने मलाई लागेको छ ।

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले भनेका छन्– 'नेपाली समालोचना हराए राजेन्द्र सुवेदीलाई खोज्नु !' तिनै विशिष्ठ समालोचक प्रा.राजेन्द्र सुवेदीद्वारा 'शताब्दी पुरुषको सय वर्ष'को समेत भूमिका लेखिनु मेरा लागि थप गौरवको विषय हुँदै हो । प्रा.सुवेदीले मेरा सिङ्गासिङ्गै जीवनीकृतिहरूमा आधारित समालोचनासङ्ग्रह 'नरेन्द्रराज प्रसाईको एकल जीवनीको विश्लेषण' लेखेर मलाई बिर्सिनसक्नुको गुन लगाएको बेहोरा मैले 'मेरी आमा भागीरथा प्रसाई' नामक जीवनीकृतिको भूमिकामा पनि लेखिसकेको छु ।

डा.सत्यमोहन जोशीको जीवनीको अध्ययन गर्दा उनी सङ्घर्षैसङ्घर्षले बाँचेको पाइन्छ । त्यही सङ्घर्ष खेपेर उनले आफ्नो जीवनको उत्तरार्धमा आएर राज्यबाटै उपल्लो दर्जाको मानसम्मान अथवा 'वाङ्मय शताब्दी पुरुष' को उपाधि पनि प्राप्त गरे ।

'शताब्दी पुरुषको सय वर्ष' नामक लघु जीवनीमार्फत् मैले उनको सम्पूर्ण जीवनको त्यही गाथालाई सरल र अति सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छु ।

२०७६ साल मङ्सिर १५ गते **• नरेन्द्रराज प्रसाई**

शताब्दी पुरुषको सय वर्ष

# शताब्दी पुरुष किन र कसरी ?

**शताब्दी पुरुष किन ?**

डा.सत्यमोहन जोशी हाम्रा गौरव हुन् । सकारात्मक शैली उनको जीवनको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । उनी जे कुरा पनि सहज पाराले अवलम्बन गर्छन् । उनको जीवनमा जतिसुकै हुरीबतास आए पनि र जतिसुकै खुसीयाली छाए तापनि ती बेहोरालाई सजिलो पारामा ग्रहण गर्ने नैसर्गिक शक्ति उनमा रहेको पाइन्छ । त्यसैले पनि उनी धेरैका हाईहाई भए, धेरैका प्रिय भए र धेरैका आदर्श पनि भए ।

संसारमा मान्छे पढेरभन्दा परेर ठूलो हुन्छ भन्नेको अर्को प्रमाण पनि सत्यमोहन जोशी नै भए । उनले आईएसम्मको मात्र शैक्षिक योग्यता हासिल गरे । तर काठमाडौं विश्वविद्यालयबाट मानार्थ विद्यावारिधि प्राप्त गर्ने उनी प्रथम व्यक्तिमा दरिए । वास्तवमा नेपाली वाङ्मयमा उनको योगदान उच्च कोटिको रह्यो । त्यति मात्र होइन, उनले एक सय वर्षसम्मलाई सधैँ एकैनासले परिचालित गरिरहे । नेपाली धरामा सत्यमोहन जोशीझैँ दुक्ख पाउने मानिस पनि विरलै छन् र उनीभन्दा भाग्यमानी मानिस त छैनन् भने पनि हुन्छ । उनको कर्मको फल नै उत्कृष्ट साबित भयो । किनभने नेपालका वाङ्मय शताब्दी पुरुषमा उनी नै स्थापित भए ।

•

सुरुसुरुमा डा.सत्यमोहन जोशीलाई शताब्दी पुरुष भनिँदा सुन्नेहरूका लागि यो कुरा त्यति सहज मानिँदैनथ्यो । त्यस्तो शब्द

प्रयोग गरेबापत प्राय: सुन्नेहरूले हामीसँग अचम्म मान्ने गर्थे । प्राय:ले हाम्रो मनसायलाई त्यति पत्याएका पनि थिएनन् । त्योभन्दा अघि राज्यले पनि उनलाई त्यति महत्त्व दिइराखेको थिएन । जोशी राजसंस्थाले नै पनि त्यति पत्याएका मान्छे थिएनन् । भनौं, उनी राजाले पनि त्यति मान्यता नदिएका मानिस थिए । तर उनी कट्टर नेपालवादी हुन् । उनको दिगो संसार नै नेपाल मात्र मानिन्छ र नेपालले चाहिँ उनको सही मूल्याङ्कन गरेको थिएन । यति हुँदाहुँदै पनि उनले कहिले फलको आशा राखेनन्, किनभने उनी निष्ठावादी नेपाली हुन् । अनि तिनै महान् व्यक्तिका लागि मैले 'शताब्दी पुरुष'को परिकल्पना गरेको थिएँ ।

जोशी नेपालका कर्मवीर, ज्ञानवीर र धर्मवीर नागरिक हुन् । जतिसुकै हावाहुरीले पनि उनलाई उडाएन, जतिसुकै गहिरो पानीले पनि उनलाई डुबाएन, अनि जतिसुकै आँधीबेहरी र भुमरीले पनि उनलाई छोपेन । एउटा स्वाभिमानी, हिम्मती र वीर मानिसका लागि जीवनमा कति विघ्नबाधा आउँदा रहेछन् भन्नेको अर्को सग्लो प्रमाणका रूपमा डा.जोशी नै देखा परे ।

अन्तत: एक सय वर्षसम्मको जोशीको नेपाली धरामा लगानी सधैंका लागि सुरक्षित भइरह्यो । नेपाली वाग्देवीमा उनले समर्पण गरेको सुकीर्तिले नै उनी नेपाली वाङ्मयका अक्षरमा सधैं, सधैं र सधैं अटल भइरहे र उनी यसैमा नै बाँचिरहनेछन् ।

जोशीलाई 'शताब्दी पुरुष'का लागि रोज्नुपर्ने अनेक कारण थिए, तर पनि त्यस उपाधिका लागि उनको चयन गर्नुपर्ने मुख्य कारण यहाँ पनि उल्लेख गर्न उपयुक्त देखिन्छ– 'उन्नाइसौँ शताब्दीबाट आरम्भ भएको नेपाली भाषासाहित्यको लेखनयात्राले दुई शताब्दीको सेरोफेरो ढाकेको सन्दर्भमा वाङ्मयिक संस्कृतिको सुकीर्ति फैलाउने, नेपाली संस्कृतिका धरोहर र यस शताब्दीका शीर्षस्थ स्रष्टा

डा.सत्यमोहन जोशीको सफल यात्राको हार्दिक कदर गर्दै 'शताब्दी पुरुष'को उपाधि समर्पण गर्न वाञ्छनीय थियो र यस कदमप्रति हामी नइ जागरूक भइरह्यौँ । अनि यस अभियानलाई पार नलगाइन्जेल हामी यसैमा केन्द्रित पनि भइरह्यौँ ।

## सरकारले पत्याउनैपर्ने शताब्दी पुरुष

सत्यमोहन जोशीले नेपाली वाङ्मयका लागि अनगिन्ती काम गरे । नेपाली वाङ्मयमा उनले चढाएको ओजस्वी कृत्यका कारण उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिवसमेत भएका थिए । उनी त्यहाँ रहँदा उनले इतिहासमा नै कसैले नगरेको अनेक कार्य गरे । राजा महेन्द्र बाँचुन्जेल जोशीले आफ्नो सङ्गठनात्मक शक्ति देखाइरहे । महेन्द्र योग्य मान्छेको कदर गर्न पनि अति सिपालु थिए । तर उनी चाँडै स्वर्गीय भए ।

२०२८ सालमा राजा महेन्द्रको स्वर्गारोहणपछि जोशीकै सम्पादनमा एक हजार पृष्ठको 'महेन्द्र स्मृति ग्रन्थ' नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले प्रकाशनमा ल्याएको थियो । राजा महेन्द्रलाई चिनाउने किताब नै त्यही हो । राजाका लागि जनताले त्योभन्दा थप अरू गर्ने ठाउँ केही थियो र ? थिएन; तर राजा वीरेन्द्रले उनलाई कहिल्यै हेरेनन्, उनलाई जतिसुकै कष्ट भए तापनि राजाका कानमा त्यो बेहोरा कहिल्यै पुगेन र उनी आर्थिक कारणले डुब्न लाग्दा पनि राजाले त्यो देख्तै देखेनन् । पछि निकै पछि उनै राजाका हातबाट यिनले एउटा तेस्रो दर्जासम्मको गोरखा दक्षिणबाहुचाहिँ पाएका थिए । तर त्यतिन्जेलसम्ममा उनीभन्दा तलका धेरैले दोस्रो दर्जाको नै त्यस प्रकारको तक्मा पाइसकेका थिए ।

नेपालमा गणतन्त्र आए पनि जोशीको मूल्याङ्कन गरिदिने कोही नेता देखा परेनन् । सरकार हाँक्ने र त्यसका वरिपरिकाले जोशीको साक्षात् उचाइको चाल नै पाएन । कतिसम्म भने २०६६

सालमा माधवकुमार नेपाल प्रधानमन्त्री थिए । नेपालका राजनैतिक गुरु डा.मोदनाथ प्रश्रित र म सत्यमोहन जोशीका विषयमा कुरा गर्न प्रधानमन्त्रीलाई भेट्न त्यतिखेर बालुवाटार गएका थियौँ । हामी त्यहाँ पुगेका बेला त्यहाँ नेपालसँगै उनका राजनैतिक सल्लाहकार रघुजी पन्त पनि थिए । जोशीलाई नेपाल प्रज्ञाप्रतिष्ठानको कुलपति बनाइदिन अनेक तर्क दिएर नेपालसँग हामीले सशक्त आग्रह गरेका थियौँ । हाम्रो कुरा सुनेर प्रधानमन्त्री नेपालले भनेका थिए– 'संस्कृति मन्त्री नेपाली काङ्ग्रेस दलका मिनेन्द्र रिजाल हुनुहुन्छ, त्यसैले कुलपति काङ्ग्रेसैका भागमा परेको छ । हामी जोशीलाई कुलपति बनाउन सक्दैनौँ । कुलपति पदका लागि काङ्ग्रेसले वैरागी काहिँलाको नाम दिइसकेको छ ।' त्यसपछि तुरुन्तै पन्त पनि बोलेका थिए– 'हाम्रो कोटामा उपकुलपतिको पद परेको छ, त्यो पदका लागि हामीले गङ्गाप्रसाद उप्रेतीको नाउँ पठाएका छौँ ।' उनीहरूका कुरा सुनेर डा.प्रश्रित र म छक्क परेका थियौँ । किनभने हामीले उनीहरूसमक्ष नेपाली साहित्यका एउटा अर्को बलियो शिखरको नाउँ लगेका थियौँ; तर उनीहरूले त हाम्रा कानमा ठाँगे, डाँडो र थुम्काको नाउँ ओकलेका थिए । त्यतिखेर त्यहाँ हामीले सुनेका व्यक्तिका नाउँ अरूका मुखबाट सुनेका भए सायद हामी त्यो कुरा पत्याउँदैनथ्यौँ ।

मोदनाथ प्रश्रित र म 'सरकार प्रमुखकै मेरो र तेरो' भन्ने दुःखद कुरा सुनेर खिस्रिक्क भएका थियौँ । धेरै नरमाइलो मानेर त्यतिखेर हामी प्रधानमन्त्रीको निवासबाट फर्किएका थियौँ । अनि मैले त्यहाँ भएका सबै कुरा सत्यमोहन जोशीलाई पनि भनेको थिएँ । त्यस बेला केही नमीठो पारामा जोशीले मलाई उत्तर दिएका थिए– 'भैगो अब यस्तो काममा तपाईंहरू लाग्दै नलाग्नुहोस् ! यो नेपाल हो । सबैतिर यसरी नै पार्टीका मान्छे नै आउँछन्, जान्छन् । कसलाई दोष दिने ? कोसँग चित्त दुखाउने ? र कसलाई के भन्ने, खोइ !'

सत्यमोहन जोशीका प्रसङ्गमा (या दलबाहिर रहेर उचाइ प्राप्त गरेका मानिसको मूल्याङ्कनका प्रसङ्गमा भनौँ) व्यक्तिगत रूपमा प्रधानमन्त्री माधवकुमार नेपालको कुनै दोष देखिँदैनथ्यो । तर नेपालको राजनैतिक व्यवस्था हाँक्ने दृष्टिकोण बोकेको दलीय व्यवस्थाको चाहिँ खुबै ठूलो दोष देखिन गएको छ ।

नेपाल सरकारले सत्यमोहन जोशीजस्ता ज्ञान, गुन र अनुभवले भरिएका अमर प्राज्ञलाई नेपाल प्रज्ञाप्रतिष्ठानको कुलपतिको पदमा विराजमान गराउनुपर्ने थियो । सरकारले जोशीजस्ता शिखर व्यक्तित्व र कृतित्वलाई पत्याएर उच्चासन दिनुपर्ने थियो । अनि सरकारी स्तरबाटै जोशीजस्ता ऋषितुल्य मनिषीको उच्चस्तरीय इज्जत गर्नुपर्ने थियो । तर त्यस प्रकारको खुबी देखाउने मानिस सरकारी स्तरमा देखा परेको बेहोरा प्राज्ञिक जगत्ले चालै पाएन । वास्तवमा दलगत स्वार्थमा नै नेताहरू डुबेका कारण जोजो मान्छे प्रधानमन्त्री बस्ने कुर्सीमा पुगे तापनि नेपाल प्रज्ञाप्रतिष्ठानजस्तो पवित्र ठाउँ सधैँभरि दलको भातृसङ्गठनजस्तै भइरहेको नै देखियो ।

## त्रिमूर्ति निकेतनबाट शताब्दी पुरुष

सत्यमोहन जोशीलाई राजतन्त्रदेखि गणतन्त्रसम्मले त्यति भाउ दिएको थिएन । त्यही कारणसमेत जोडेर मैले उनलाई सिङ्गो हीरा, मोती र जुहारतले सिँगार्न खोजेको थिएँ । अनि मेरो धेरै वर्षको चिन्तनको निष्कर्ष नै 'शताब्दी पुरुष' हो । यसलाई सजिलो नेपाली भाषामा भन्नुपर्दा मेरो मन, वचन र कर्मको सग्लो नतिजा नै सत्यमोहन जोशीलाई प्रदान गरिएको 'शताब्दी पुरुष' को उपाधि नै हो ।

२०७१ साल मङ्सिर १५ गतेको कुरा हो; नइ प्रकाशनको संयोजनमा त्रिमूर्ति निकेतनबाट हामीले एउटा विशेष कार्यक्रम गरेका थियौँ । सो विशिष्ट समारोहमा 'शताब्दी पुरुष'को उपाधि उल्लेख गरेर सत्यमोहन जोशीकै उचाइको ताम्रपत्रसहित हामीले

उनीसमक्ष पाँच लाख रुपियाँ समर्पण गरेका थियौँ । त्यस घडी जोशी खुसीले न रुनु, न हाँस्नु अवस्थाका देखिन्थे । त्यस बेला उनी अस्वस्थ्य थिए तापनि कार्यक्रम अवधिभरि उज्यालै देखिन्थे । समारोह सकिएपछि प्रमुख अतिथि उपप्रधानमन्त्री वामदेव गौतम र श्रीमती तुलसा गौतमसँग बिदा माग्दै उनले भनेका थिए– 'मेरो शरीरले त्यति साथ दिएजस्तो लागेन, म जाऊँ होला ।' इन्दिरा प्रसाई र मसँग पनि अलिक झोक्राएझैँ गरेर उनले फेरि तिनै शब्द दोहोऱ्याए । अनि उनले हामीमाझ फेरि भनेका थिए– 'मेरा लागि जे गर्नुभयो, यहाँदेखि गर्ने ठाउँ अरू छैन ।' त्यसपछि इन्दिरा र मैले एकअर्कामा मन बाँडयौँ– 'सत्यमोहन दाइलाई समयमा नै हामीले अर्चना गर्न सक्यौँ क्यारे ! दाइको स्थिति राम्रो देखिएन ।'

सत्यमोहन जोशीको वाङ्मयिक योगदानलाई राज्यबाट जुन किसिमको अन्याय भएको थियो, त्यो सबैको साँवाब्याज हो 'शताब्दी पुरुष !' वास्तवमा यो मेरो परिकल्पनालाई सुरुमा कसैले पत्याएका थिएनन् । त्यस बेलासम्म अथवा २०७२ सालको आरम्भमा नै उनको जीवनीमा आधारित 'शताब्दी पुरुष : सत्यमोहन जोशी' नामक ग्रन्थ पनि प्रकाशित भइसकेको थियो । त्यस कृतिमा उनी आफैँले भूमिका लेख्ने क्रममा लेखेका थिए– 'जीवनी लेखनमा सिद्धहस्त नरेन्द्रराज प्रसाईद्वारा मेरो जीवनीबारे लेखिएको 'शताब्दी पुरुष : सत्यमोहन जोशी' नामक कृति स्वयम् मेरै निमित्त एकातिर शाब्दिक अर्थमा आफ्नो अनुहार आफैँले नियालेर हेर्न सकिने 'ऐना' भइदिएको छ भने अर्कातिर लाक्षणिक अर्थमा मेरै अनुहारभित्रको आफूलाई उतारेर देखाइदिने 'एक्स-रे' नै बनेको छ ।' मैले लेखेको यस कृतिलाई जोशीले आफ्नो जीवनको औपचारिक अभिलेखका रूपमा ग्रहण गरेका थिए । साथै सोही जीवनीकृति उनका जेठा छोरा अणुराज जोशीले Century Person : Satya Mohan Joshi नाउँ राखेर अङ्ग्रेजी भाषामा समेत अनुवाद गरे । २०७४ सालमा त्रिमूर्ति

निकेतनबाट उक्त कृति पनि प्रकाशित भयो र शताब्दी पुरुषबाट नै सो कृतिको लोकार्पण भएको थियो ।

## शताब्दी पुरुषमाथि वक्रीसोच र बौद्धिक खडेरी

निहीत स्वार्थ बोकेका साहित्यकारबाहेक नेता, उपनेता केही र कोहीका लागि त्यस बेला नरेन्द्रराज प्रसाईकृत 'शताब्दी पुरुष : सत्यमोहन जोशी' नामक कृति खुर्सानीको धूलोसरह पनि भइदिएको थियो । उदाहरणका लागि भन्ने हो भने नेपाल भाषा एकेडेमीद्वारा २०७२ साल फागुन २८ गते सत्यमोहन जोशीकै 'अरनिकोकृत श्वेत चैत्य' महाकाव्य लोकार्पणका अवसरमा प्रमुख अतिथि प्रधानमन्त्री खड्गप्रसाद शर्मा वलीले भाषणकै क्रममा प्रश्न गरेका थिए– 'शताब्दी पुरुष भनेको के हो ? यो शब्द कहाँबाट आयो ? मैले शताब्दी पुरुषको अर्थ बुझेको छैन ।' प्रधानमन्त्रीले आफ्नै मुखबाट यस्ता कटु शब्द ओकलेर जोशीलाई पनि लाजमर्दो पार्न खोजेका थिए । प्रधानमन्त्रीको भाषण सुनेर त्यस बेला मञ्चमा बसिरहेका जोशी पनि खिस्रिक्कै देखिन्थे र म पनि थुक निलिरहेको थिएँ । त्यस बखत खड्गप्रसादले 'शताब्दी पुरुष' को शब्दावलीलाई नकारात्मक रूपमा उधिन्न छाडेका थिएनन् । वास्तवमा त्यस बेला खड्गप्रसादले पनि सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' भनेर सम्बोधन गर्छन् भन्ने हामीले आशा गरेका थियौँ । तर उनीबाट उल्टो कुरा सुन्दा हामीलाई सारै नमज्जा लागेको थियो ।

समारोहका आयोजक अथवा भनौँ, नेपाल भाषा एकेडेमीका पदाधिकारीमध्येका चान्सलर चित्तरञ्जन नेपाली र सदस्यसचिव मल्ल के. सुन्दरले समेत जोशीका लागि 'शताब्दी पुरुष' सम्बोधन गर्छन् भन्ने हामी नइले आशा गरेका थियौँ । तर प्रधानमन्त्रीद्वारा 'शताब्दी पुरुष'प्रति गरिएको व्यङ्ग्यउपर पनि उनीहरूले कुनै प्रतिक्रियासमेत दिएनन् । त्यस साक्ष्यले मुलुक अक्षम राजनैतिक नेतृत्व, सरकार प्रमुख या सरकारी तन्त्रको गुलाम बन्दै गइरहेको र

यस प्रकारको प्रक्रिया अझै झाँगिँदै जाने स्थिति रहने हो कि भन्ने बेहोराको चिन्ताले मलाई त्रास भइरह्यो । एउटा व्यक्तिको मन, सोच या दिमागी हालतले कुनै पल धोका नै पनि दिन सक्ला ! तर बौद्धिकसमेत मानिएका आयोजकबाट पनि लोभानीका कारण समारोहका प्रमुख अतिथिको हास्यास्पद कुराको सुधार नगरिनु र त्यस प्रकारका कटु वाक्य सुनेर पनि उनीहरू मौन हुनु चाहिँ मुलुक बौद्धिक खडेरीमा नै परेको तथ्य मैले त्यस घडी पनि महसुस गरेको थिएँ । वास्तवमा त्यस दिनको आयोजनालाई सत्यमोहन जोशीको 'अरनिकोकृत श्वेतचैत्य' महाकाव्य लोकार्पणको नाउँ दिइएको थियो । तर आयोजकहरू भने कृतिको सन्दर्भमा भन्दा प्रधानमन्त्रीसँग संस्थाका लागि आर्थिक मागको कुरामा मात्र नै एकोहोरो केन्द्रित देखिन्थे । सोही समारोहमा कार्यक्रम सञ्चालक स्रष्टा शशिकला मानन्धरले चाहिँ सत्यमोहन जोशीको नाउँ सम्बोधन गर्ने क्रममा पटकपटक 'शताब्दी पुरुष' भन्न बिराएकी थिइनन् ।

समारोहपछि घर आउने क्रममा इन्दिरा प्रसाईले मलाई भनेकी थिइन्– 'शताब्दी पुरुष उपाधि अति ठीक छ । खड्गप्रसादको बौद्धिक भण्डारमा यी शब्द छिरेनन् या उनी कसैको इसारामा लागेर उनले शताब्दी पुरुषको अवमूल्यन गरे ।' इन्दिराले मलाई सम्झाउन खोजे पनि वलीका कुराले मेरो मन घोचिरहेको थियो । राति घरमा आएर मैले यो सबै बेलीविस्तार खड्गप्रसादका राजनीतिक गुरु डा.मोदनाथ प्रश्रितसमक्ष पनि पेस गरेँ । मेरा कुरा सुनेर त्यस बेला प्रश्रितले आफ्नो चेलालाई नमीठो शब्दले धिक्कारेका थिए ।

खड्गप्रसादले शताब्दी पुरुषमाथि खिल्ली उडाएको भोलिपल्ट देशभक्त राजनेता कीर्तिनिधि विष्टसँग मेरो भेट भएको थियो । मेरा मनमा वलीका तिनै कुरा खेलिरहेका थिए । त्यसैले मैले अघिल्ला दिनका ती सबै कुरा विष्टलाई भनिदिएँ । मेरा कुरालाई छाता ओडाउँदै त्यस बखत कीर्तिबाबुले मलाई भनेका थिए– 'अरू को

कसले केके भन्छन् छाडिदिनुहोस् । जोशीजीका लागि योभन्दा राम्रो सम्मान र उपाधि अरू केही हुनै सक्तैन । 'शताब्दी पुरुष' तपाईंले राम्रो शब्द छान्नुभएको छ । जोशीजी त मेरो साथी पनि हो नि ! 'शताब्दी पुरुष' ठोकेरै तपाईंले किताब लेख्नुभएकोमा पनि मलाई सारै खुसी लागेको छ । साहित्यको इतिहासमा नै उहाँ 'शताब्दी पुरुष' भएर देखा परिसक्नुभयो । अब अरूले केके भन्छन् के मतलब र !' नेपाल राष्ट्रका नैतिक, मर्यादित र बौद्धिक राजनेता कीर्तिनिधि विष्टका कुराले मलाई उत्साह दिए तापनि बहालवाला प्रधानमन्त्रीजस्तो जिम्मेवार मान्छेले 'शताब्दी पुरुष' भन्ने शब्दलाई नै खिसीटिउरीका साथ बौद्धिक समूहमाऊ उडाएको प्रसङ्ग मेरा लागि अति नै तीतो भइरहेको चाहिँ थियो । राज्यबाट जोशीलाई 'शताब्दी पुरुष' घोषणा गराउने मेरो सपनाउपर वलीकै भाषणले फेरि बज्रपात पार्ने प्रयास गरिसकेको थियो । तर मेरो रोएको मन त्यस बखत मैले जोशीलाई पनि देखाउन सकिनँ ।

म घरीघरी सत्यमोहन जोशीलाई भनिरहन्थेँ– 'हेर्दै जानु नि दाइ ! म तपाईंलाई राज्यस्तरबाटै 'शताब्दी पुरुष' नबनाई मर्दिनँ । तर यति हो यो उपाधि लिनका लागि भए पनि तपाईंले बाँच्नुचाहिँ पर्छ ।' उनलाई मेरो कुरामा पूर्ण विश्वास पनि थियो; किनभने नइकै निवेदन, पहल र सक्रियताबाट माधव घिमिरेले पनि २०६० सालमा राजा ज्ञानेन्द्रबाट 'राष्ट्रकवि' को उपाधि पाएका थिए । सूर्यबहादुर थापाको प्रधानमन्त्रित्वकालमा सञ्चारमन्त्री कमल थापाको समेत सक्रियतामा घिमिरेलाई राष्ट्रकविको उपाधि प्रदान गराउने कार्य भएको थियो । त्यस घडी पनि हामी नइले माधव घिमिरेलाई राष्ट्रकविको सिंहासनमा पुऱ्याउन फलामको चिउरा चपाउनु परेको थियो । साँच्चै हो, जोशीलाई पनि राज्यस्तरबाट 'शताब्दी पुरुष' बनाउनका लागि हामीले फेरि अर्को फलामका चिउरा चपाउनु परेको चाहिँ थियो ।

म मेरो काममा एकचित्तले लागिरहेँ । तर सरकारी निकायबाट ‘शताब्दी पुरुष’ बन्नका लागि बाटोचाहिँ बन्द नै भएको थियो । खड्गप्रसाद शर्मा वलीका कार्यकालभरि राज्यस्तरबाट शताब्दी पुरुष बनाउने योजनाबाट मैले मौन नै बस्नुपरेको थियो । अनि खड्गप्रसाद हिँडेपछि म फेरि यस काममा तात्न थालेको थिएँ । त्यसपछि मेरा लागि केही वातावरण पनि सहज हुन थालेको थियो ।

## शताब्दी पुरुषलाई सरकारी संरक्षण

सत्यमोहन जोशीलाई त्रिमूर्ति निकेतनले ‘शताब्दी पुरुष’को महासम्मान समर्पण गरेपछि उनी निकै ठूलो बिरामी परे । आवश्यकताअनुसार औषधिमुलो नगरी घरमा नै छ दिन सुतेपछि उनी झनै थला परेका थिए । त्यस बेला उनी मर्नु न बाँच्नुको हालतमा थिए । अनि उनी बयोधा अस्पतालमा भर्ना भए । उनी भर्ना भएकै साँझ सात बजे हामी नइले थाहा पाएका थियौँ । अनि आठ बजेतिर इन्दिरा र म अस्पताल पुगेका थियौँ । नेपाली वाङ्मयको यति ठूला साधक साधारण जनरल वार्डमा पल्टिरहेको हामीले देख्यौँ । त्यहाँ उनको उपचार पनि त्यति प्रभावकारी भइरहेको थिएन जस्तो हामीले महसुस गरेका थियौँ । साथै क्याबिनमा बस्ने खर्च पनि उनीसँग थिएन नै जस्तो हामीलाई लागेको थियो ।

मैले त्यसै घडी अस्पतालबाटै उपप्रधानमन्त्री वामदेव गौतमलाई फोन गरेँ; किनभने हामी धेरैले पत्याएका राजनीतिज्ञ उनी पनि एक जना थिए । सत्यमोहन जोशीको स्वास्थ्य अवस्था र आर्थिक अवस्थाबारे मैले गौतमलाई सविस्तार जानकारी गराएको थिएँ । स्वाभिमानी सत्यमोहन जोशीले आफ्ना लागि अहिलेसम्म छोराछोरीको पैसासमेत लिएका छैनन् भन्ने बेहोरा पनि गौतमसमक्ष मैले थप जानकारी गराएको थिएँ । अनि केहीबेरमा नै उपप्रधानमन्त्री वामदेव गौतम अस्पताल नै आइपुगेका थिए ।

अस्पताल आएर अरूहरू मन्त्रीले जैँ झाडा टार्ने या चिल्ला, चाम्रा र गुलिया कुरा गर्ने काम वामदेव गौतमले गरेनन् । उनी एउटा स्टेट फरवार्ड राजनीतिज्ञ भन्ने मलाई थाहा पनि थियो । उनी जस्ता पौरखी थिए, त्यस बेला उनले त्यस्तै विशिष्ट काम पनि गरेका थिए । अथवा भनौँ, उनले सत्यमोहन जोशीलाई विशेष उपचारका लागि क्याबिनमा राख्न अस्पतालका सम्बन्धित मान्छेलाई अह्राएका थिए । त्यस दिन उनले अस्पतालमै बसेर नै त्यो सबै काम गराएका थिए । त्यस बेला उनले भनेका थिए– 'शताब्दी पुरुषको उपचारका लागि लाग्ने सम्पूर्ण खर्च सरकारले बेहोर्छ ।' त्यसपछि जोशीको भिआइपी उपचार सुरु भयो ।

त्यस बेला सुशील कोइराला प्रधानमन्त्री थिए । उपप्रधानमन्त्री वामदेव गौतमको प्रस्तावअनुसार 'शताब्दी पुरुष सत्यमोहन जोशीको औषधि उपचारको सम्पूर्ण खर्च नेपाल सरकारले बेहोर्ने' भनेर मन्त्रिपरिषद्बाट २०७१ साल मङ्सिर २५ गते निर्णय भएको थियो । त्यति मात्र नभएर मन्त्रिपरिषद्को निर्णयमा गौतमले 'शताब्दी पुरुष सत्यमोहन जोशी' भन्ने शब्दसमेत पारिदिएका थिए । त्यति बेला मन्त्रिपरिषद्को अभिलेखमा सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' भन्ने शब्द लेखिनु सामान्य कुरा थिएन । राज्यस्तरबाट 'शताब्दी पुरुष' को उपाधि औपचारिक रूपमा घोषणा नभए पनि सत्यमोहन जोशी 'शताब्दी पुरुष' मा अभिलेखित मात्र नै भएको बेहोरामा पनि जोशी र हामी नइले आन्तरिक खुसीयाली बाँडेका थियौँ । वास्तवमा त्यसपछि हाम्रा लागि वामदेव गौतम झनै प्रिय, श्रद्धेय र सम्मानित हुन थालेका थिए ।

सत्यमोहन जोशी ३७ दिन बयोधा अस्पतालमा बसे । उनको त्यहाँ राम्रो उपचार भयो । उनले वामदेव गौतमउपर घरीघरी कृतज्ञता ज्ञापन गरिरहे । उनी पूर्ण रूपमा निको पनि भए । त्यसपछि उनको उपचारमा लागेको झन्डै बाह्र लाख रुपियाँ सरकारले

अस्पताललाई बुझाएको थियो । अनि अस्पतालबाट निस्केपछि जोशीले भनेका थिए– 'म शताब्दी पुरुष भएरै बाँचें । मेरा लागि यो उपाधि रामबाण भयो । यो उपाधि नपाएको भए म मरिसक्थें होला ।'

## वाङ्मय शताब्दी पुरुषको घोषणा

पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रधानमन्त्रित्वमा मन्त्रिपरिषद् बनेको थियो । त्यस मन्त्रीमण्डलमा कमल थापा उपप्रधानमन्त्री र दिलनाथ गिरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री भएका थिए । त्यसपछि मभित्र फेरि आशा पलाउन थालेको थियो । वास्तवमा थापा र गिरीसँगको मेरो चालीस वर्षअघिदेखिको निरन्तर सङ्गतका कारण 'शताब्दी पुरुष' उपाधिका मामलामा हामीमाऊ त्यति सवालजबाफै भएन भने पनि हुन्छ । त्यति बेला मलाई काम गर्न किन सजिलो भयो भने गिरी संस्कृति मन्त्री थिए । अनि उपप्रधानमन्त्री थापाको पनि मन्त्री गिरीउपर जोशीलाई 'शताब्दी पुरुष' बनाउनेबारे विशेष, शक्तिशाली र उच्चस्तरीय निर्देशन थियो ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनको सिफारिसमा सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष' घोषणा गर्ने प्रस्ताव संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री गिरीबाट मन्त्रिपरिषद्मा लैजाने तयारी भएको थियो । यस कार्यका लागि मोदनाथ प्रश्रितको पनि विशेष भूमिका रहेको थियो । किनभने थापाले सम्मान गर्ने अर्का विशिष्ट पात्र प्रश्रित पनि मानिन्थे । जोशीलाई 'शताब्दी पुरुष' घोषणा गराउने कार्यमा प्रश्रित पनि नइ टिममा सक्रिय थिए ।

हामीले सरकारसमक्ष 'शताब्दी पुरुष' को उपाधि माग गरेका थियौं । तर कमल थापाले ''शताब्दी मात्र नभनौं, साहित्य वा अर्को केही शब्द थपौं– जसले गर्दा सत्यमोहन जोशीको शताब्दी पुरुषको अर्थ पनि खुलोस् ।' थापाका कुरा सुनेपछि 'वाङ्मय' भन्ने शब्द मोदनाथ प्रश्रितले त्यहीं ऱ्वाट्टै प्रस्तुत गरे । हामीसँगैको टिममा

रहेका भाषाविज्ञ प्रा.डा.महादेव अवस्थीले 'वाङ्मय शताब्दी पुरुष' को शब्दउपर बलियो स्वीकृति जनाएका थिए । हाम्रो त्यस टोलीमा आबद्ध 'सत्यमोहन जोशी शताब्दी महोत्सव' का संयोजक प्रा.डा.उषा ठाकुरका साथै त्रिमूर्ति निकेतन र नइ प्रकाशनका पदाधिकारीहरू प्रा.राजेन्द्र सुवेदी, नाटचभूषण मदनदास श्रेष्ठ, प्रा.डा.गार्गी शर्मा, उषा शेरचन, प्रा.डा.रामप्रसाद उप्रेती, प्रा.डा.सुमन ढकाल, केके कर्माचार्य सबैले 'वाङ्मय शताब्दी पुरुष' भन्ने उपाधि मन पराएका थिए । अनि त्यसपछि त्रिमूर्ति निकेतन र नइ प्रकाशनले सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष' को उपाधिको माग राखेर नेपाल सरकारसमक्ष हामीले अर्को निवेदन त्यसै बेला प्रस्तुत गरेका थियौँ ।

'वाङ्मय शताब्दी पुरुष' को प्रस्ताव मन्त्रिपरिषद्मा जाने दिन नै राजनीतिक कारणले कमल थापा र दिलनाथ गिरीले अकस्मात् राजीनामा दिएका थिए । अनि फेरि वाङ्मय शताब्दी पुरुष घोषणा गर्ने प्रयास धरापमा परेको थियो । यस बेहोराले मलाई केही निराश बनाउन खोजेको पनि थियो । तर यसबारे मन्त्रालयको सबै दस्तावेजको फोटोकपी मसँग पनि थियो । त्यसैले अनेक तरहले मैले त्यो प्रस्ताव मन्त्रिपरिषद्सम्म पुऱ्याउन पहल गरेँ । त्यसपछि पनि सो प्रस्ताव पारित कसरी गराउने भन्ने विषयमा ठूलै समस्या आइपरेको थियो । त्यस बेला मुख्य सचिव सोमलाल सुवेदी थिए । उनी प्रा.राजेन्द्र सुवेदीसँग घनिष्ठ भएका कारणले मलाई त्यो कठिन अवस्थामा काम गर्न केही राहतको आशा पनि जागेको चाहिँ थियो ।

•

'वाङ्मय शताब्दी पुरुष'लाई सरकारी मान्यता प्रदान गर्ने फेरोमा पूर्व शिक्षामन्त्रीद्वय मोदनाथ प्रश्रित र दीनानाथ शर्मालाई मैले पुष्पकमल दाहाल 'प्रचण्ड' कोमा पनि पुऱ्याएको थिएँ । त्यसपछि

सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष' घोषणा गर्नेबारे प्रधानमन्त्री प्रचण्ड पनि मन्जुर भए । यस मामलामा मुख्य सचिव सोमलाल सुवेदीसमेतको सकारात्मक भूमिका जोडिएकैले पनि मन्त्रिपरिषद्मा यसबारे कुनै प्रकारको झमेलाका प्रश्नहरू पनि तेर्सिएनन् । तसर्थ मन्त्रिपरिषद्बाट सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष' को उपाधिको प्रस्ताव स्वीकृत भयो ।

२०७४ साल वैशाख २१ गते डा.सत्यमोहन जोशी सरकारी लाहाछापद्वारा 'वाङ्मय शताब्दी पुरुष'को उपाधिबाट विभूषित भएका थिए । त्यसपछि उनले सार्वजनिक सभामा फेरि भन्न थाले– 'नइ नभए म बाँच्ने थिइनँ । नइले मेरो शरीरलाई पनि बचायो र कर्मलाई पनि बचायो । यस जुनीमा फेरि मलाई अब केही पनि चाहिँदैन । म वाङ्मय शताब्दी पुरुष भएँ, अब मलाई पुग्यो ।'

# शताब्दी पुरुषको जीवनगाथा

## सत्यमोहन जोशीका पुर्खा

हिमवत्खण्डमा बसोबास गर्ने विविध जातजाति र समुदायमध्ये एउटा समुदाय 'नेवार' हो । नेवार भन्नु एउटा विशिष्ट कोटिको समुदाय मानिन्थ्यो । पछिपछि यो समुदाय जातिका रूपमा क्रमश: रूपान्तर हुँदै आयो ।

नेवार जातिलाई पहिला नेवाल भनिन्थ्यो । क्रमश: 'ल' हटेर यो जाति नेवा: या नेवार हुन थाल्यो । यस जातिले नेपाली माटोमा प्राचीन कालदेखि नै जरा गाडेको हो । साथै नेवार काठमाडौँ उपत्यकाका आदिवासी हुन् । अनि नेवारको मूल थलो पनि काठमाडौँ उपत्यका नै हो ।

नेपालको प्रथम राजवंश गोपालवंश हो र गोपालवंश पहिलो नेवार जातिको समुदाय हो । यस वंशले नेपालमा करिब पाँच सय वर्ष राज्य चलायो । नेवार समुदायको पुर्खाचाहिँ ज्यापू नै हुन् । मल्लकालदेखि नै नेवारी भाषालाई 'नेपाल भाषा' भन्न थालियो । नेवारी लिपिचाहिँ इस्वी संवत् दसौँ शताब्दीबाट देखा परेको हो ।

सत्यमोहन जोशीका पुर्खा काठमाडौँका आदिवासी थिए । जयस्थिति मल्लले नेवारलाई शैवधर्म र बौद्धधर्म मान्ने गरी दुई भागमा छुट्ट्याएका थिए । सत्यमोहन जोशीका पुर्खाचाहिँ शैवधर्म मान्थे । जोशीले पनि परम्परागत चलिआएको सोही सनातनी हिन्दूधर्म मान्दै

आए । मध्यकालीन युगदेखि नै ज्योतिषशास्त्र जान्नेलाई 'जोशी' थर या जातमा राखिएकै आधारमा सत्यमोहन जोशीका पुर्खा पनि 'जोशी' मा दरिएका थिए । जोशीहरू नेवारजातीय बाहुन मानिन्छन् ।

सत्यमोहन जोशी आफूलाई परम्परावादी नेवार मान्छन् । उनका बाबुबाजेले आफूहरूलाई सबल रूपमा जातीय बाहुनमा नै उभ्याउँदै ल्याए । वास्तवमा जोशीहरू पनि नेवार जातका सबैभन्दा ठूलो जातमध्येका एक मानिन्छन् । उनका बाजे नरसिंहराज जोशी पनि धर्म र संस्कृतिमा कट्टर थिए ।

सत्यमोहन जोशी पनि छडोरे जनै लगाउँछन् । उनी बाह्र वर्षका भएपछि उनको व्रतबन्ध गरिएको थियो । त्यसपछि उनले आफ्नो शरीरबाट कहिले जनै छुटाएनन् । साथै गायत्री मन्त्र जप नगरी उनले कहिले अन्न खाएनन् ।

सत्यमोहन जोशीका बुबा शङ्करराज जोशी धर्म, संस्कृति र जातियताका पक्षपाती थिए । उनी राणाका घरेलु कामदार थिए । त्यति बेला उनी लेखनदासको पनि काम गर्थे । उनी आफ्नो काममा सधैँ दत्तचित्त हुन्थे । उनी व्यावहारिक ज्ञानका उदाहरण थिए । उनी पौरखी थिए र सङ्घर्ष गर्न पनि पोख्त थिए । अनेक सङ्घर्ष खेपेर धेरै पछि उनले पाटनको बखुम्बहालमा एउटा थोत्रो घर किनेका थिए । अनि त्यसै वर्ष अर्थात् १९७७ सालमा प्रथम सन्तानका रूपमा सत्यमोहन जोशी जन्मेका थिए ।

### जोशीको जन्म

सत्यमोहन जोशीको जन्म १९७७ साल वैशाख ३० गते ललितपुरको बखुम्बहालमा भएको थियो । यी शङ्करराज जोशी र राजकुमारी (नुगलदेवी) का जेठा छोरा थिए ।

सानामा जोशी अति चकचके थिए । त्यतिखेर यिनका बुबाआमाले यिनलाई नियन्त्रण गर्न कठिन नै थियो । पिट्ता, कुट्ता पनि नभएपछि

यिनलाई घरमा नै डोरीले बाँधेर राखिन्थ्यो । त्यति बेला यिनलाई त्यसो नगरेको भए यिनी इनारमा पनि फाल हान्न सक्थे र घरको धुरीबाट पनि हामफाल्न सक्थे । वास्तवमा बाल्यकालमा यिनलाई जोगाउन यिनका बुबाआमाले धेरै ठूलो कसरत गर्नुपरेको थियो ।

जोशी बाल्यकालमा लाटा, लठेब्रा र एकोहोरा थिए । यिनका कुरा र भाषा अरूहरूले बुझ्दैन थिए । यिनका बुबाआमाले पनि इसारामा मात्रै यिनका कुरा बुझ्नु पर्थ्यो । पाँच वर्षसम्म यिनको बोली फुटेको पनि थिएन । यिनको बोली फुटाउन यिनका बुबाआमाले धेरै भाकल गरे, धामीझाँक्री लगाए र यिनलाई मठमन्दिर पुऱ्याए । यिनको बोली फुटाउनेहेतु एक पटक यिनलाई भक्तपुरस्थित सूर्यविनायकको जङ्गलमा समेत लगिएको थियो । अनि यिनलाई सूर्यविनायकमाथि जङ्गलभित्र हुली एक्लै पारेर छाडिएको थियो । बुबाआमाले उनलाई एक्लो पारी छाडेर गएपछि उनीभित्र डरत्रासले आक्रमण गरेको थियो । त्यस बेला जङ्गलमा एक्लो भएको पूर्ण अनुभूति भएपछि जोशी बेस्सरी रुन थालेका थिए । त्यतिखेर उनी 'माँ, ए माँ !' भनेर चिच्च्याएका थिए । त्यसपछि उनी टटमट गरेर क्रमश: बोल्न थालेका थिए। केही वर्षमा उनी नेवारी भाषामा राम्रोसँग संवाद गर्ने अवस्थामा पुगेका थिए ।

जोशीको पढाइ पनि ढिलै सुरु भएको थियो । उनले सात वर्षको उमेरमा मात्र नेवारी भाषाको प्रथम अक्षर लेखेका थिए । दस वर्ष पुगेपछि यिनले मरीतरी नेपाली भाषा बोल्न थालेका थिए । भनौँ, उनी नेपाली भाषा बोल्न राम्ररी जान्दैन थिए । त्यसैले उनी जतिसँग बोल्थे नेवारीमा मात्र बोल्थे । त्यस बखत उनले गैरनेवारी भाषीसँग कुरा गर्नु पऱ्यो भने नेवारी भाषामा नै बोल्ने गर्थे ।

## जोशीको बिहे र सन्तान

सत्यमोहन जोशीकालीन समयमा सानैमा बिहे गर्ने चलन थियो । तर घरको कमजोर आर्थिक अवस्थाका कारण जोशीले ढिलो

बिहे गरे । भनौँ, उन्नाइस वर्षको हुँदा मात्र उनले बिहे गरेका थिए । हुन त त्यतिखेर पनि उनलाई बिहे गर्ने मनचाहिँ थिएन; तर बुबाआमाका करकापबाट उनले बिहे गरेका थिए । आफ्नै छिमेकी गणेशबहादुर श्रेष्ठ पात्रवंश तथा मोतीलक्ष्मीकी चौध वर्षकी छोरी राधादेवीसँग यिनको बिहे भएको थियो । जोशीको ससुराली उनकै घरपूर्व कृष्णमन्दिर परिसरपछाडि थियो । त्यति बेला उनका ससुराको ससानो कपडा पसल पनि थियो ।

जोशीलाई बिहे गरेकोमा सारै लाज लागेको थियो । त्यही क्रममा उनी आफ्नी पत्नीसँग दुई वर्षसम्म बोलेका पनि थिएनन् । यसै प्रसङ्गमा उनले भने– 'मैले बुबाआमाका करबलले मात्र बिहे गरेको थिएँ । त्यसैले म मेरो बिहेबाट सन्तुष्ट थिइनँ र राधासँग बोल्न पनि मलाई मन लाग्दैन थियो । उनीसँग म नबोल्दा सुहागरातमै उनी रोएकी थिइन् ।'

पछिल्ला दिनहरूमा जोशीले धर्मपत्नी राधादेवीसँग क्रमश: आत्मीयता दिन थाले । अन्तत: यस जोडीको एकअर्कामा भएको समर्पण नमुना नै मानियो ।

बिहे गरेको तीन वर्षपछि जोशी र राधादेवीका कोखबाट एउटी छोरी जन्मिन् । तिनको नाउँ नर्मदा राखियो तर उनको आठ वर्षकै उमेरमा मृत्यु भयो । क्रमश:क्रमश: पछिपछि उनीहरूका तीन जना छोरी कावेरी, गङ्गा र खड्गलक्ष्मी पनि जन्मे । उनीहरूका छोरा चार जना– अणुराज, हेमन्तराज, खड्गेन्द्रराज र पूर्णराज जन्मे । खड्गेन्दराजको दुई वर्षकै उमेरमा मृत्यु भयो ।

जोशीकी धर्मपत्नी राधादेवी मान्छेसँग शिष्टाचार राख्न सिपालु भइन् । आफ्ना पतिसँग ठाउँठाउँ डुलेर उनले धेरै अनुभव सँगालिन् । उनी नेपाली भाषा राम्ररी बुझ्ने गर्छिन् तर उत्तर फर्काउन गाह्रो मान्छिन् । कनीकुथी उनले नेपाली भाषामा कुराचाहिँ गर्ने गर्छिन् ।

## जोशीको शिक्षा

सत्यमोहन जोशीले ढिलो पढे । अनि यिनले नेवारी भाषाबाट नै शिक्षारम्भ गरे । लाटा, लठेब्रा र सोझा भएकाले उनको पढाइ सुस्तरी नै अगाडि बढेको थियो । वास्तवमा सानो हुँदा उनलाई पढ्नै मन लाग्दैनथ्यो । त्यति बेला पाठ नबुझाएपछि यिनले मास्टरको कुटाइ खाइरहन्थे । एकातिर मास्टरको छिनछिनको कुटाइ र अर्कातिर उनका साथीहरू पनि नेवारीमा बोल्ने थिएनन् । त्यसैले उनलाई स्कुल जान मनै पर्दैन थियो ।

जोशी स्कुल गए पनि पाठ बुझाउन सक्तैन थिए । त्यसैले गुरुहरूले पनि उनका दुइटै कान समाएर उचाल्दै मामाघर देखिस् भन्थे । त्यतिले नपुगेर उनी हरसमय गुरुहरूका वेतका लौराबाट कुटिन्थे । उनका कन्सिरी तान्नेदेखि कान समाएर सयपल्ट उनलाई उठबस गराउनु उनका गुरुहरूको नित्य कर्म मानिन्थ्यो । त्यसैले हरसाँझ उनी रुँदै घर पुग्थे ।

अनेक दुक्ख, कष्ट र पीडा खेपेर जोशी दरबार स्कुल पुगे । त्यस बेला त्यहाँ रुद्रराज पाण्डे हेडमास्टर थिए । त्यहाँ उनले लेखनाथ पौडयाल र भानुभक्त आचार्यका कविता पढे । त्यस बेला उनलाई पढाउने प्रमुख गुरु पं.वासुदेव भट्टराई थिए । त्यहाँ पनि उनको कान पड्काइने, कन्सिरी तानिने र उनले मुड्की खाने काम भइरह्यो । त्यस बेलाको मास्टरी पिटाइ खाएर उनी स्कुलप्रतिको वितृष्णामा थिए । वासुदेव भट्टराईले एक मुड्की दिँदा उनी पछारिन्थे । यो रीत प्राय: दोहोरिरहने पनि गर्थ्यो ।

आफ्ना सबै गुरुको मरणासन्न पिटाइ खाएर पनि जोशी स्कुल जान छाडेनन् । उनले मानसिक र शारीरिक दुक्ख खेपेर नै भए पनि दरबार स्कुलबाट नै म्याट्रिक पास गरे । अनि उनले त्रिचन्द्र कलेजबाट १९९८ सालमा आईए पास गरे । त्यसपछि उनी

बिएको कक्षामा सरिक भए; तर उनले त्यस कक्षालाई पार लाउन भने सकेनन् । उनी त्यसैमा थन्किरहे ।

**जोशीको साहित्यप्रवेश**

म्याट्रिक पास हुनुअघिसम्म सत्यमोहन जोशीले कुनै स्रष्टा देखेका थिएनन् । उनले पहिलोपल्ट देखेको साहित्यकार भीमनिधि तिवारी थिए । साथै कलेजको दैलो टेकेपछि मात्र उनले साहित्य विषय चाल पाएका थिए ।

जोशीले पहिलोपल्ट चिनेका साहित्यकारहरू बालकृष्ण शमशेर र पुष्करशमशेर थिए । यी दुवै राणाले यिनलाई माया गर्थे । साथै यिनको प्रतिभासँग राणा दाजुभाइ परिचित पनि थिए । त्यसैले पुष्करशमशेरले यिनलाई अनुवादको काम पनि दिएका थिए । त्यस बेला उनी अङ्ग्रेजीबाट नेपाली भाषामा अनुवाद गर्थे । उनले पहिलो चोटि 'मोपाँसा' को कथा अनुवाद गरेका थिए । उनी राम्रो अनुवादक भएको बेहोरा नेपाली र अङ्ग्रेजी भाषाका विज्ञ महाकवि लक्ष्मीप्रसाद देवकोटाले समेत प्रमाणीकरण गरेका थिए । देवकोटाले पनि जोशीलाई माया गर्थे ।

जोशीले देवकोटालाई नै साहित्यको गुरु पनि थापे । जोशी देवकोटाका घर मैतीदेवी गइरहन्थे । देवकोटा जोशीलाई साहित्यबारे ज्ञानगुनका खुराक पस्किरहन्थे । त्यसैले उनी देवकोटासँगको साहचर्यमा झनै पल्केका थिए । २०१४ सालमा देवकोटा मन्त्री हुँदा देवकोटालाई घरबाट सिंहदरबारस्थित शिक्षा मन्त्रालय पुऱ्याउने काम पनि जोशीले नै गरेका थिए । जोशीका अर्का साहित्यिक गुरु माधव घिमिरे पनि थिए । घिमिरे पछि राष्ट्रकवि हुँदा जोशी धेरै रमाएका थिए ।

जोशीले विद्यार्थी जीवनमै लेखेका दुईवटा पद्यात्मक कथाहरू 'लामा' र 'पाचुके' कालिम्पोङ दार्जिलिङबाट पारसमणि प्रधानद्वारा

सम्पादित 'भारती' मा धारावाहिक रूपमा प्रकाशित भएको थियो । नेपालमा चाहिँ १९९८ सालको 'गोरखापत्र'मा 'परिचय' शीर्षक कविता र १९९९ सालमा 'कर्तव्य' शीर्षक निबन्ध प्रकाशित भएको थियो । त्यसपछि २००० सालमा उनको 'बेपत्ता' शीर्षकको कथा 'शारदा' मा छापिएको थियो ।

नेपाली भाषानुवाद परिषद्मा पुगेपछि सत्यमोहन जोशीले बालकविता पनि लेख्न थाले । त्यति बेला उनले नेवारी र नेपालीमा बराबरी कविता लेखे । हुन त सुरुमा उनले अङ्ग्रेजी भाषाका कविता नेपालीमा अनुवाद गरेका थिए । त्यसै सिलसिलामा एक दिन उनले आफूले अनुवाद गरेको कविता महाकवि लक्ष्मीप्रसाद देवकोटालाई सुनाएका थिए । देवकोटाले उनको कविताको मुक्त कण्ठले प्रशंसा गरेका थिए । जोशीले कविता सुनाएपछि देवकोटालाई पनि झोँक चलेछ र भनेछन्– 'ल ! जोशीजी, म पनि एउटा बालकविता लेख्छु ।' देवकोटाका वाणी सुनेर उनले आफ्नो लेखनप्रति नै गौरवीबोध गरेका थिए ।

## जोशीको जागिर

घरको दयनीय आर्थिक अवस्थाका कारण सत्यमोहन जोशीले स्नातक पूरा गर्न पाएनन् । त्यस बखत उनी जागिरकै खोजीमा थिए । त्यहीक्रममा उनले २००१ सालमा 'औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा'मा अधिकृत स्तरको खरदारको जागिर पाएका थिए । त्यस ठाउँमा उनी २००६ सालसम्म बसे । २००७ सालमा उनी सङ्ख्य विभागमा सुपरिवेक्षक भए र त्यहाँ उनी २०१३ सालसम्म सेवारत भए । त्यसको लगत्तै अर्को वर्ष अथवा भनौं, २०१४ सालमा उनले राष्ट्रिय योजना परिषद्को कार्यक्रम अधिकृतको पदमा नियुक्ति पाए ।

जोशीले अमेरिकन सांस्कृतिक केन्द्रमा पनि जागिर खाए । उनले महेन्द्र राजमार्गको प्रचारप्रसार प्रमुख भएर पनि काम गरे ।

मन्त्री परशुरामभक्त माथेमाका उनी निजी सचिव पनि भए । उनी जताजता काम गर्थे त्यतात्यताको प्रिय पात्र पनि बन्थे । तर स्थायी रूपमा चाहिँ उनले कतै पनि काम पाएनन् ।

जोशीले चीनको महाविद्यालयमा पनि जागिर खाए । उनले त्यहाँ चिनियाँहरूलाई नेपाली पढाए । उनले पढाएका चिनियाँहरूले पेकिङ रेडियोबाट क्रमश: नेपाली कार्यक्रम पनि चलाउन थाले ।

जोशी चीनबाट नेपाल फर्केपछि पनि जागिरमा नै बाँधिए । २०१६ सालको कुरा हो, त्यस बेला उनी 'पुरातत्त्व र संस्कृति विभाग' को निर्देशकमा नियुक्त भएका थिए । उनी काममा सक्रिय भइरहेका बेला उनलाई अनेक विघ्नबाधा तेर्स्याउने काम पनि सुरु भएको थियो । त्यसैले २०१७ सालमा उनले त्यहाँबाट हात धुनुपरेको थियो । तर उनी नआत्तिई आफ्नो गन्तव्यतिर लागिरहे ।

जोशीले नेपालका कलेजहरूमा पनि प्राध्यापन गरे । जीवनभरिको जागिरबाटै उनले आफ्नो घरपरिवार पनि उकास्तै लगेका थिए । उनले स्वच्छ, नैतिक र इमानदार भएर नै आफूलाई नेपाली समाजमा उभ्याउँदै आए ।

**जोशीको भ्रमण**

सत्यमोहन जोशीले नेपालका प्राय: धेरै भूभाग टेके । उनले भारत, चीन, बङ्गलादेश, श्रीलङ्का, म्यान्मार, थाइल्यान्ड, सोभियत रूस, न्युजिल्यान्ड, अस्ट्रेलिया, बेलायत, क्यानाडा र अमेरिकाको भ्रमण गरे ।

यात्रासन्दर्भमा जोशीको सबैभन्दा उल्लेखनीय भ्रमण न्युजिल्यान्डको थियो । किनभने न्युजिल्यान्ड पुग्ने उनी प्रथम नेपाली थिए । उनी त्यस राष्ट्रमा दौरा, सुरुवाल, कोट र टोपी लगाएर प्रवेश गरेका थिए । उनले जुन दिन न्युजिल्यान्डको भूमि टेकेका थिए त्यसै दिन अर्थात् २०१० साल जेठ १६ गते न्युजिल्यान्डका एडमन्ड हिलारी नेपालका

तेन्जिङ शेर्पाका साथ सगरमाथाको टुप्पोमा पुगेका थिए । अनि त्यो समाचारले न्युजिल्यान्डलाई रङ्गीन बनाएको थियो । त्यसैले त्यस बेला न्युजिल्यान्ड पुगेका जोशीले त्यहाँ ठूलो मान पाएका थिए । त्यसै भ्रमणमा केन्द्रित 'न्युजिल्यान्डमा पहिलो नेपाली' शीर्षकमा लेखिएको उनको एउटा नियात्राको कृति पनि २०४९ सालमा छापियो ।

जोशीको विदेशयात्राको सन्दर्भमा उनी सबैभन्दा धेरै चीन बसे । उनी लगातार चार वर्षसम्म चीनको पेकिङमा बसेका थिए । त्यतिखेरसम्म उनले धेरै चिनियाँलाई आफ्नो विद्यार्थी बनाउने मौका पाएका थिए । उनले पेकिङ रेडियो (आजको CRI अन्तर्राष्ट्रिय चाइना रेडियो) अन्तर्गत महाविद्यालयमा चिनियाँ विद्यार्थीहरूलाई नेपाली भाषासाहित्य र संस्कृतिको पठनपाठनमा प्रशिक्षक भएर काम गरे । पछिपछि त पेकिङ रेडियोअन्तर्गत नेपाली विभागमा प्राय: उनैका विद्यार्थी हाकिम भएका उनले देख्न र सुन्न पाइरहे ।

जोशी चार वर्ष चीन बस्ता उनले माओ त्सेतुङ र चाउ एन लाईसँग हात मिलाएका थिए । चाउ एन लाईसँग त उनले पटकपटक नै भेटेका थिए । साथै उनी चाउसँग धेरै प्रभावित पनि थिए । अनि उनले त्योभन्दा धेरै प्रभाव माओबाट ग्रहण गरेका थिए । त्यसैले उनले माओका कवितालाई 'माओ च तुङका कविताहरू' नाउँ राखेर नेपाली भाषामा अनुवाद पनि गरे । त्यो कृति २०३३ सालमा जनप्रिय पुस्तक भण्डार, पाटनढोकाबाट प्रकाशनमा आयो ।

## जोशीको कर्णाली मोह

नेपाली भाषाको व्युत्पत्ति थलो मानिएको जुम्लास्थित सिंजाखोला उपत्यकामा गएर सत्यमोहन जोशीले काम गर्न खोजेका थिए । तर त्यस बखत नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा उनको त्यो प्रस्ताव एक प्रकारले हास्यास्पद नै मानियो । त्यस बेलाका प्राय: सबै प्राज्ञले जोशीलाई– 'यो काम कसरी सम्पन्न गर्न सक्छौ ?' भन्न थालेका थिए । त्यति बेला त्यहाँ उनका सहकर्मी प्राज्ञले उनलाई

भनेका थिए– 'तिमी सर्वज्ञ होइनौ, त्यस्तो दुर्गम ठाउँमा कसरी पुग्छौ ?' तर बलियो तर्कका साथै अनेक अनुनयविनय गरेर पनि उनले आफ्नो जुम्ला जाने योजना स्वीकृत गराइछोडेका थिए । वास्तवमा जोशीको प्रबल इच्छाकै कारण उनले नेपाली भाषाको व्युत्पत्ति थलो जुम्लाको सिञ्जा जाने योजना सफल बनाएका थिए । त्यस ठाउँमा उनले अरूलाई पनि साथै लान स्वीकृति लिएका थिए । त्यस बेला उनीसँग त्यहाँ जाने चूडामणि बन्धु, थीरजङ्बहादुर सिंह, विहारीकृष्ण श्रेष्ठ र प्रदीप रिमाल थिए ।

त्यति बेला जुम्लाका मान्छेले काठमाडौँबाट त्यहाँ पुग्ने मान्छेको विश्वास गर्दैनथे, किनभने त्यति बेला पनि काठमाडौँबाट प्राय: ठग्ने, दुक्ख दिने र घूस खाने मान्छे मात्रै जुम्ला पुग्थे रे ! त्यति हुँदाहुँदै पनि त्यहाँ बद्रीविक्रम थापाले इमानदारितामा नाउँ कमाइसकेका थिए । त्यसैले त्यहाँका जनताले थापाको बोलीवचन खाने गर्थे । अनि थापाकै संयोजनमा त्यस ठाउँमा जोशीहरूले सहज रूपमा कार्यको आरम्भ गर्न पाएका थिए । त्यति बेला जोशीहरूले सिञ्जाखोलामा बसेर नेपाली भाषाको विषयमा थुप्रै कुरा थाहा पाएका थिए । उनीहरूले खास गरेर लोकसंस्कृतिकै विषयमा केन्द्रित रहेर नै कामकाज गरेका थिए ।

जुम्ला पुगेपछि जोशी र उनका दलका सदस्यहरू आफ्नो काममा समर्पित भएर लागे । त्यसैले उनीहरूले त्यहाँ विविध हस्तलिखित ग्रन्थ र शिलापत्रहरू पनि फेला पारे । साथै उनीहरूले त्यहाँ अरू ऐतिहासिक सामग्रीहरूको पनि खोजीनिती गरे । उनीहरूले त्यहाँ लेखिएका शिलापत्रहरूको पनि अवलोकन गरे । त्यस बेलाको जोशी दलद्वारा सम्पन्न उक्त कामलाई नेपाली भाषाका लागि स्वर्णिम मानिन्छ ।

जोशीहरू पाँच जना मिलेर 'कर्णाली लोकसंस्कृति' नामक पाँचवटा ग्रन्थहरू लेखेका थिए । साथै ती पाँचै कृतिहरूका लागि

ती पाँचै जनाले त्यस बेला संयुक्त रूपमा मदन पुरस्कार पनि पाएका थिए । वास्तवमा उनीहरूको त्यो कृत्य नै लोभिलो थियो ।

## जोशी र प्रज्ञाप्रतिष्ठान

शाहीकालीन समयमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको बेग्लै गरिमा, रौनक र इज्जत थियो । त्यस बेला साँच्चैका प्राज्ञ मात्र त्यहाँ पुग्थे । अथवा भनौँ, त्यस समय राजनैतिक कार्यकर्ताहरू प्राज्ञ हुँदैन थिए । त्यही फेरोमा सत्यमोहन जोशी २०२६ सालमा राजा महेन्द्रबाट प्रज्ञाप्रतिष्ठानको सहसदस्यमा मनोनीत भएका थिए । सहसदस्यको पदमा रहेर पनि जोशीले आफ्नो काम, कर्तव्य र अधिकारमा टड्कारो हैसियत देखाएका थिए । त्यसैले त्यस कार्यकालपछि अथवा २०३१ सालबाट २०३५ सालसम्म उनी सदस्यसचिव भएका थिए । त्यस बेला कुलपतिचाहिँ केदारमान व्यथित थिए र उनी नै प्रथम जनकुलपति थिए । व्यथितभन्दा अघि राजा महेन्द्र नै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति थिए ।

जोशीले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सहसदस्य भएर जुम्लामा जति काम गरे; प्रशंसनीय काम गरे । सहसदस्य भएपछि उनले पुन: अर्को पनि काम गरे अथवा भनौँ, उनको संयोजकत्वमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले चौध भाषाको पर्यायवाची कोश प्रकाशन गरेको थियो । त्यसमा नेपाली भाषालगायत शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, मैथिली, लेप्चा, थारू, दनुवार, नेवा:, चेपाङ, राजवंशीका पर्यायवाची शब्द थिए ।

जोशीकै सक्रियतामा त्यति बेला नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले निकै काम गरेको थियो । २०२८ सालसम्मको तथ्याङ्कअनुसार त्यस बखतसम्म कुनकुन विदेशीले नेपालका बारेमा लेखरचना र किताब लेखे भन्ने एउटा दस्तावेज ग्रन्थसूची पनि प्रज्ञाप्रतिष्ठानबाट तयार भएको थियो । त्यो ग्रन्थसूची तयार गर्ने संयोजक पनि जोशी नै थिए । अनि खड्गमान मल्लले त्यस बृहत् ग्रन्थको सम्पादन गरेका थिए ।

जोशीले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सदस्यसचिव भएकै बेला 'महेन्द्र स्मृतिग्रन्थ' को सम्पादन गरेका थिए । त्यस ग्रन्थले नेपाली शैलीमा आफ्नै ऐतिहासिक महिमा बढाएको थियो । वास्तवमा त्यो बृहत् स्मृतिग्रन्थमा राजा महेन्द्रलाई सम्पूर्ण रूपमा प्रस्तुत गरिएको छ । राजा महेन्द्रका बारेमा समग्र रूपमा सोभन्दा धेरै जानकारी अन्य कुनै कृतिमा पनि पाइँदैन ।

जोशीको सदस्यसचिवको कार्यकालदेखि नै प्रज्ञाप्रतिष्ठानको भौतिक र सांस्कृतिक विकास हुन थालेको थियो । साथै त्यसै बेलादेखि त्यहाँ अनवरत र प्रबल रूपमा नाटकहरू देखाइन थालिएको थियो । उनकै कार्यकालदेखि त्यहाँ गाईजात्रा महोत्सवको पनि सुरुवात भएको थियो ।

जोशीजस्ता शिखर साहित्यिक व्यक्तित्व नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति हुनुपर्छ भन्ने तमाम साहित्यकारको माग थियो । तर उनी न राजाका पालामा उपकुलपति (र कुलपति) हुन सके न बहुदलीय व्यवस्था आएपछि नै पनि कुलपति हुन सके । अरु राजा फालिइसकेपछि पनि प्रज्ञाप्रतिष्ठानजस्तो गरिमामय ठाउँका लागि उनको खोजीनिती नै हुन सकेन । अनि त्यो पवित्र ठाउँ पनि भीषण दलगत भागबन्डामा चिरैचिरा हुन थाल्यो । खास गरेर गणतान्त्रिक युगमा शिखरहरू पाखा अनि थुम्का, ढिस्का र आलीहरू काखा हुन थाले ।

सत्यमोहन जोशीजस्ता अमर प्राज्ञ सरकारी स्तरको सर्वोच्च साहित्यिक संस्था नेपाल प्रज्ञाप्रतिष्ठानको प्रमुख पदमा पुग्न सकेनन् । तर उनलाई त्यहाँ नपुऱ्याइए तापनि जनमारु २०४६ सालपूर्वका कुलपतिहरूको झैँ या त्योभन्दा ठूलै उनको मर्यादा भएको बेहोरा सर्वमान्य हुन थाल्यो ।

## जोशीबाट अरनिकोको खोज

तेह्रौँ शताब्दीमा नेपालबाट चीन पुगेका अरनिकोबारे सत्यमोहन जोशी अध्ययनमा लागे । चीनमा रहँदा उनले अरनिकोको अस्तित्व

भएका ठाउँको खोज गरिरहे । उनी अरनिकोको समाधिस्थलसम्म पनि पुगे । जोशीले तिब्बतमा पनि अरनिकोले बनाएको चैत्य फेला पारे । यथेष्ट जानकारी लिएपछि उनी अरनिकोबारे प्रचारमा लागे । उनले अरनिकोको श्वेत चैत्यमा आधारित कथा र महाकाव्य पनि लेखे । अरनिको ६३ वर्षको उमेरमा सन् १३०६ मा चीनमा नै स्वर्गीय भए भन्ने कुरा जोशीले नेपाली भाषामा लिपिबद्ध गरिदिए ।

अन्ततः जोशीकै समेत कारण जोडिएर अरनिको नेपालका राष्ट्रिय विभूति बने । जोशीले 'कलाकार अरनिको' नामक भव्य ग्रन्थ लेखे र त्यही भव्य कृति चीनको राजकीय भ्रमणताका राजा वीरेन्द्रले चीनका राष्ट्रपतिलाई उपहार दिएका थिए ।

जोशीले तिब्बत गएर राजकुमारी भृकुटीबारे पनि धेरै जानकारी बटुले । त्यहाँ भृकुटीलाई देवी मानेर पूजा गरिएको पनि उनले देखे । भृकुटीलाई तिब्बतीहरूले हरिततारा भन्ने गरेको बेहोरा पनि जोशीले नेपालमा आएर प्रचार गरे ।

## जोशीद्वारा नेपाली मुद्राको अन्वेषण

सत्यमोहन जोशी पुरातत्त्व विभागबाट शत्रुहरूद्वारा लखेटिएका थिए । त्यसपछि उनले 'नेपाली राष्ट्रिय मुद्राहरू' नामक ग्रन्थ लेखे । उनले महेन्द्र मल्लको चाँदीको मुद्रासमेत पत्ता लगाए । महेन्द्र मल्लका पालादेखि नेपालमा चाँदीको पैसाको सुरुवात भएको पनि उनैले प्रमाण प्रस्तुत गरेका थिए । प्राचीन कालदेखि तत्कालीन बेलासम्मका सबै मुद्राहरूको सङ्कलन, अन्वेषण र अध्ययन गरी उनैले 'नेपाली राष्ट्रिय मुद्राहरू' नामक आधिकारिक ग्रन्थ तयार पारेका थिए ।

संसारमा पहिलोपल्ट एसिया माइनरमा लिडिया साम्राज्यका संस्थापक गिजेजले मुद्राको आविष्कार गरे । इसापूर्व ६५२ मा मुद्राको आरम्भ भएको थियो भन्ने बेहोरा पनि जोशीले नेपाली जनमा☙

प्रस्तुत गरे । साथै नेपालमा चाहिँ लिच्छविकालीन मुद्रा साक्षात् फेला परेको बेहोरा जोशीले प्रकाशनमा ल्याएका थिए ।

नेपालमा पृथ्वीनारायण शाहका पालादेखि नेपाली मुद्राप्रणालीमा सुधार आएको देखिन्छ । त्यसपछि पृथ्वीवीरविक्रम शाहका पालामा मुद्राको बनोटमा ठूलै परिवर्तन आएको सत्यमोहन जोशीले उल्लेख गरेका छन् । यति हुँदाहुँदै पनि ती मुद्रा अन्तर्राष्ट्रिय स्तरका भने थिएनन् । विदेशमा पनि दाँज्न सकिने आधुनिक मुद्रा भने त्रिभुवनवीरविक्रम शाहका पालादेखि मात्र आएको बेहोरा जोशीले प्रस्तुत गरेका छन् ।

लिच्छवीकालका मुद्रामा साल या मिति उल्लेख गरिएका थिएनन् । राजाको नाउँ भएकाले त्यहीअनुसार मुद्राको मितिको अड्कल काट्नुपर्थ्यो । काठमाडौँका राजा प्रताप मल्ल, ललितपुरका राजा सिद्धिनरसिंह मल्ल र भक्तपुरका राजा जगतप्रकाश मल्लका पालादेखि मुद्रामा साल अङ्कित गराउने परम्परा चलेको कुरा सत्यमोहन जोशीबाट ज्ञात हुन्छ । काठमाडौँका अन्तिम राजा जयप्रकाश मल्लका पालामा चलेको मुद्रा संसारकै सबैभन्दा सानो सिक्काका रूपमा प्रस्तुत भएको देखिइएको छ । त्यसैले उक्त सिक्का गिनिजबुक अफ वर्ल्ड रेकर्डमा पनि रहेको छ ।

मल्लकालीन मुद्रामा नेपाल संवत् लेखिन्थ्यो । तर पृथ्वीनारायण शाहका पालादेखि मुद्रामा शक संवत् लेखिन थाल्यो । यस रीतले पृथ्वीवीरविक्रम शाहको पालासम्म स्थान पायो भने त्यसपछि सुन र चाँदीका मुद्रालाई शक संवत् र तामाका मुद्रामा चाहिँ विक्रम संवत् लेख्न थालिएको सप्रमाण सत्यमोहन जोशीले नै अभिलिखित गरिदिए ।

राजा महेन्द्रको पालादेखि नेपाली मुद्राको टकमारीमा अनेक सुधार भएको बेहोरा जोशीकृत 'नेपाली राष्ट्रिय मुद्रा' मा उल्लेख

गरिएको छ । त्यस कालमा प्राचीन शैली र आधुनिक शैली गरेर दुई प्रकारका मुद्राहरू प्रकाशनमा आएका थिए ।

राजा महेन्द्रका शासनकालमा प्रकाशित मुद्रा नै नेपाली राष्ट्रिय मुद्रा विकासको मूल आधार भएको तथ्य जोशीले बताएका छन् । उनका अनुसार नेपाली राष्ट्रिय मुद्राको ऐतिहासिक क्रममा राजा वीरेन्द्रका नामाङ्कित नेपाली मुद्राहरू अन्तर्राष्ट्रिय स्तरका देखा परे ।

जोशी नेपालको मुद्राविषयक विशेषज्ञमध्येकै एक मानिए । नेपाल राष्ट्र बैङ्कले उनीसँग पनि सल्लाह लिएर चालीस वर्षदेखि मुद्रा र नोट प्रकाशनमा ल्याउने गरेको थियो ।

## जोशीको भाषाप्रेम

सत्यमोहन जोशीले आईए पढेदेखि नै साहित्यसेवामा सिर्जनात्मक र सङ्गठनात्मक रूपमा आफूलाई जोडिरहे । कृतिगत रूपमा उनी जति सफल भए सङ्गठन परिचालनमा पनि उनको विशिष्ट भूमिका रहँदै आयो । २०११ सालमा कविशिरोमणि लेखनाथ पौड्यालको रथ बनाउने जिम्मा पनि जोशीले नै पाएका थिए । व्यक्तिगत र संस्थागत रूपमा उनले साहित्य र संस्कृतिका लागि धेरै काम गरे ।

जोशीकै संयोजकत्वमा २०६६ सालमा नेपालको राजधानी काठमाडौँमा प्रथमपल्ट अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन भयो । नइको परिकल्पना, प्रस्तावना र सौजन्यमा त्रिमूर्ति निकेतनबाट आयोजित तेह्र राष्ट्रको सहभागितामा उक्त सम्मेलन पाँच दिनसम्म सञ्चालित थियो । सम्मेलनको समाप्तिपछि जोशी त्रिमूर्ति निकेतनको अन्तर्राष्ट्रिय सम्पर्क समितिका संयोजकमा चुनिए । अनि उनी त्यसैमा कार्यरत रहे ।

जोशीको मातृभाषा नेपाल भाषा हो । उनले आफ्नो मातृभाषालाई कहीँ जाँदा पनि छाडेनन् । तर सम्पर्क र राष्ट्रभाषाका रूपमा उनले

नेपाली भाषालाई सदैव आफ्नो शिरमा बोकिरहे । उनले जसरी आफ्नो मातृभाषालाई प्रेम गरे; त्यसरी नै राष्ट्रभाषाप्रति श्रद्धा, आदर र गर्व गरिरहे ।

जोशी नै त्यस्ता वीर पुरुष हुन्, जसले आफ्नो मातृभाषा अर्थात् नेपाल भाषाको संरक्षण, आफ्नो जातिको मर्यादा र आफ्नो भेषभूषाको सम्मानमा आफूलाई समर्पित गराइरहे । उनी आफ्ना मौलिक सिद्धान्तमा कहिल्यै हच्केनन् । उनी आफ्नो नैसर्गिक अधिकारका निम्ति कहिल्यै पछि हटेनन् । अनि उनी आफ्नो कर्तव्यबाट पनि कहिल्यै पन्सेनन् । उनले आफ्नो भाषा, संस्कृति र राष्ट्रियताप्रति कहिल्यै राजनीतिक भाकाका रूखबिरुवा पनि रोपेनन् । उनले नेपालीपनमै बाँचेर सादा तरिकाले नेपालको शिर उच्च गराइरहे । त्यसैले उनी आफ्नो जीवनमा वास्तविक अर्थमा सफल भए ।

जोशीसमेतको संलग्नता, सक्रियता र समर्पणमा २०५० सालमा नेपाल भाषा अकादमीको स्थापना भएको थियो । त्यस संस्थाले नेपाल भाषाकै श्रीवृद्धिका लागि आफ्नो हैसियत रोप्तै आयो । साथै उनी नेपाल भाषा अकादमीका चान्सलर पनि भए र त्यहाँ पनि उनले आफ्नो मातृभाषाको विस्तारका लागि रचनात्मक कामहरू गरिरहे ।

## जोशीलाई शताब्दी पुरुषको उपाधि

डा.सत्यमोहन जोशीले पचासी वर्ष टेकेपछि नरेन्द्रराज प्रसाईबाट 'शताब्दी पुरुष' को परिकल्पना भएको थियो । त्यसको दस वर्षपछि त्रिमूर्ति निकेतनले डा.जोशीलाई 'शताब्दी पुरुष' घोषण गर्दै प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' गठन गरेको थियो । नइ प्रकाशनको सौजन्यमा त्रिमूर्ति निकेतनद्वारा २०७१ साल मङ्सिर १५ गते उपप्रधानमन्त्री वामदेव गौतममार्फत जोशीलाई पाँच लाख रुपियाँ राशिसहित

'शताब्दी पुरुष' को महासम्मान समर्पण गरिएको थियो । चाँदीको सप्तनागजडित उनकै उचाइको कलात्मक काठको फ्रेममा उनलाई समर्पित ताम्रपत्रमा लेखिएको थियो–

"उन्नाइसौँ शताब्दीबाट आरम्भ भएको नेपाली भाषासाहित्यको लेखनयात्राले दुई शताब्दीको सेरोफेरो ढाकेको सन्दर्भमा वाङ्मयिक संस्कृतिको सुकीर्ति फैलाउने, नेपाली संस्कृतिका धरोहर र यस शताब्दीका शीर्षस्थ स्रष्टा डा.सत्यमोहन जोशीको सफल यात्राको हार्दिक कदर गर्दै 'शताब्दी पुरुष' को उपाधि समर्पण गरिएको छ ।

'नेपाली कला, साहित्य, संस्कृति, भाषा आदि क्षेत्रको अध्ययन, अनुसन्धान र सिर्जनात्मक लेखन तथा अनेकौँ उच्च प्रतिष्ठित संस्थाहरूको संस्थापन र सञ्चालनका साथै प्रथम 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन' जस्तो ऐतिहासिक, गरिमाशाली र चिरस्मरणीय कार्यको संयोजक भएर विश्वपरिवेशमा नेपाली भाषासाहित्यको गरिमा र महिमा पुऱ्याउने एक्काइसौँ शताब्दीका अविश्रान्त साधक डा.सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' को उपाधि सगौरव समर्पण गरिएको छ ।

'कविता, नाटक, समालोचना, लोकसाहित्य, संस्कृति आदि विधामा दर्जनौँ कृतिहरू सिर्जना गरेर नेपाली भाषा र नेपाल भाषाको श्रीवृद्धिका लागि अनवरत तपस्या गर्दै यस शताब्दीमा नेपाली साहित्य, कला र संस्कृतिलाई विश्वमा चिनाउन अहोरात्र समर्पित डा.सत्यमोहन जोशीलाई 'शताब्दी पुरुष' को सम्मानका साथ पाँच लाख रुपियाँ राशिको पुरस्कारसमेत समर्पण गरिएको छ ।"

•

जोशीले 'शताब्दी पुरुष' को महासम्मान ग्रहण गरे, उनका नाउँमा नरेन्द्रराज प्रसाईबाट लिखित 'शताब्दी पुरुष : सत्यमोहन जोशी' नामक कृति २०७२ सालमा प्रकाशनमा आयो । त्यसपछि

जोशीलाई पनि लखेट्ने खेल सुरु भएको थियो । तर सत्यमोहन जोशीलाई नेपाल सरकारले 'वाङ्मय शताब्दी पुरुष' घोषित गरेपछि लखेटाइहरूको पूर्ण विराम लागेको थियो ।

नइ प्रकाशन र त्रिमूर्ति निकेतनको अनुरोधमा नेपाल सरकारले जोशीलाई २०७४ साल वैशाख २१ गते 'वाङ्मय शताब्दी पुरुष' को उपाधिद्वारा विभूषित गऱ्यो । त्यसपछि उनले भनेका थिए– 'मलाई यो जीवनमा अरू केही चाहिँदैन, अब मलाई पुग्यो ।'

## जोशी : विभूषण, रथारोहण, पुरस्कार र सिक्का

सत्यमोहन जोशीलाई राज्यले विख्यात त्रिशक्ति पट्ट, सुप्रबल गोरखा दक्षिणबाहु र उज्ज्वल कीर्तिमय राष्ट्रदीपबाट विभूषित गऱ्यो । अनि यी सबै विभूषणभन्दा उनले उच्च कोटिको अर्को विभूषण पाए र त्यस गरिमामय विभूषणको नाउँ हो– प्रथम श्रेणीको 'महाउज्ज्वल राष्ट्रदीप' । उनलाई राजधानीको नागरिक समाजद्वारा २०७४ साल भदौ २९ गते रथारोहण पनि गराइएको थियो र सोही दिन राष्ट्रप्रमुख विद्यादेवी भण्डारीबाट जोशीलाई 'समग्र राष्ट्रकै अमूल्य निधि' र 'राष्ट्रको गौरव अभिवृद्धि गर्ने' सम्बोधनका साथ अभिनन्दन प्रदान गरिएको थियो ।

जोशीलाई पृथ्वी प्रज्ञापुरस्कार, आदिकवि भानुभक्त पुरस्कार, भानुभक्त प्रज्ञापुरस्कार, भानुभक्त स्वर्णपदक, त्रिभुवन प्रज्ञापुरस्कार, मदन पुरस्कार, डिल्लीरमण रेग्मी राष्ट्रिय पुरस्कार, भूपालमानसिंह कार्की पुरस्कार, नइ सुकीर्ति पुरस्कार, यात्री वाङ्मय पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, गोपाल कमला राजभण्डारी रोटरी अवार्ड, श्रेष्ठ सिरपा:, लाकौल सिरपा:, त्रिमूर्ति पदक, भद्रघले पदक, इतिहास शिरोमणि बाबुराम आचार्य शोध सम्मान, महाकवि देवकोटा शताब्दी सम्मान, पद्मश्री सम्मान, मिथिलाश्री सम्मान, राष्ट्रिय कलाश्री सम्मानलगायत झन्डै दुई सयवटा संस्थाले सम्मान र अभिनन्दनपत्र समर्पण गरे ।

साथै जोशीलाई काठमाडौँ विश्वविद्यालयबाट २०६८ सालमा महाविद्यावारिधिको उपाधि समर्पण गरिएको थियो ।

त्रिमूर्ति निकेतनले २०७१ साल वैशाख ३० गते प्रा.डा.उषा ठाकुरको संयोजकत्वमा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' गठन गऱ्यो । त्रिमूर्ति निकेतनबाटै जोशीको सम्मानमा 'सत्यमोहन जोशी शताब्दी पदक' को पनि स्थापना भयो । उनको व्यक्तित्व र कृतित्वको उचाइ देखाउन लागिपरेका देशदेशान्तरका नेपालीलाई सो पदक उनीद्वारै अर्पित गरिएको थियो । सुरबहादुर श्रेष्ठको पहलमा न्ह्युज: गुठीले जोशीको मुहारअङ्कित २० ग्रामको चाँदीको सिक्का २०७१ सालमा प्रकाशनमा ल्याएको थियो ।

सत्यमोहन जोशीको व्यक्तित्वको थप उचाइका लागि नेपाल सरकारको निर्देशनमा नेपाल राष्ट्र बैङ्कले पनि विशिष्ट कोटिको कदम चालेको थियो । परिणामस्वरूप २०७६ साल भदौ २४ गते राष्ट्र बैङ्कले जोशीको नाउँ र मुहारअङ्कित एक सय रुपियाँको धातुको सिक्का, एक हजार रुपियाँ र पच्चिस सय रुपियाँका चाँदीको सिक्का प्रकाशनमा ल्याएको थियो । नेपाली वाङ्मयको इतिहासमा नेपाल राष्ट्रबाट जिउँदो साहित्यकारमाथि गरिएको यस प्रकारको कृत्य त्यो नै पहिलो थियो ।

## जोशीको सय वर्ष

नेपाली वाङ्मयका क्षेत्रमा सबैभन्दा भाग्यमानी स्रष्टाको नाउँ के हो भन्दा 'वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी'को नाउँ नै भन्नुपर्ने हुन्छ । साथै आफ्नै भौतिक चोलाका अगाडि आफ्नो पौरखको उपलब्धि आफैँ देख्ने पहिलो भाग्यमानी व्यक्तित्वचाहिँ जोशी नै मात्र एक नेपाली हुन् । जिउँदैमा अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र सामाजिक मान्यता, सम्मान र हैसियतबाट जोशी माथिमाथि र धेरै माथि पुगेको उनले मात्र देखेनन् प्राय: सबैले देखे । उनको जीवनभरिको

त्याग, तपस्या र समर्पणका कारण उनी विश्वसामु नेपाली वाङ्मयको इतिहासकै सर्वोत्कृष्ट नागरिकमा स्थापित नै भए ।

जोशीको सय वर्ष प्रवेशको उत्सव मनाउन नइ प्रकाशनले आरम्भ गरेको थियो । हुन त जोशीले ९३ वर्ष टेकेदेखि नै नइले आफ्नो संस्थाको हरेक वार्षिक उत्सव जोशीकै जन्मदिनका अवसरमा उनैको प्रमुख आतिथ्यमा आयोजना गर्दै आएको थियो । त्यही परिवेशमा उनको शतवर्षीय जन्मोत्सव पनि जोशी सय वर्ष पुग्नु दुई दिनअघि नै नइ प्रकाशनले उनैको प्रमुख आतिथ्यमा बौद्धिक, प्राज्ञिक र वाङ्मयका विशिष्ट व्यक्तित्व सम्मिलित भेलामा भव्यताका साथ मनाएको थियो । त्यसको भोलिपल्ट पनि उनको जन्मोत्सव मनाउने क्रम चालु नै थियो ।

नेपाली वाङ्मयको क्षेत्र विश्वभर नै विस्तारित भएको छ । त्रिमूर्ति निकेतनले 'सत्यमोहन जोशी शताब्दी महोत्सव' मनाउन आह्वान गरेअनुसार पच्चिसवटा देशले सो महोत्सव आआफ्नै विधि, ढङ्ग र तरिकाले मनाएका थिए । नेपालमा पनि भव्यताका साथ सत्यमोहन जोशी शताब्दी महोत्सव मनाउने क्रम जारी भइरह्यो । नेपाली वाङ्मयका क्षेत्रमा यस्तो स्वर्णिम कृत्य हुनु स्रष्टाहरूका लागि गौरवी मानिन्छ नै ! वास्तवमा यस बेहोराले शताब्दी पुरुषलाई मात्र खुसी तुल्याएन, यस्तो प्रकारको कार्य नेपाली साहित्यका लागि नै एउटा स्वर्णिम उपलब्धि मानिन गयो ।

नेपाली वाङ्मयलाई विशिष्ट रूपमा चिन्न सक्ने खुबी पनि धेरैसँग बढ्दो छ । अनि त्यस प्रकारको सीप ललितपुरवासीहरूसँग पनि रहेछ भन्ने सग्लो प्रमाण फेला पऱ्यो । ललितपुरमा जन्मेर त्यहीँ आफ्नो सम्पूर्ण जीवन समर्पण गर्ने जोशीका नाउँमा वाङ्मयिक संस्था, पार्क, बाटो, सालिकदेखि अन्य विशिष्ट कृत्यहरू निर्माण गर्न ललितपुर क्षेत्र लागिपरेको बेहोरा नेपाली वाङ्मयको इतिहासले गौरव मान्ने पक्षका रूपमा स्थापित भयो ।

जोशीको शताब्दी वर्ष मनाउने सन्दर्भमा ललितपुर उपमहानगरपालिकाले रथयात्रा, बाजागाजा र विशाल जुलुसका साथै जोशीको जन्मशताब्दी वर्ष मनाउने क्रमलाई अरु सार्थक पारिदियो । त्यति मात्र होइन जोशी एक सय वर्ष पुगेका दिन अर्थात् २०७६ साल वैशाख ३० गते ललितपुर नगर क्षेत्रमा सार्वजनिक बिदासमेत दिइएको थियो । साथै उक्त दिनको साँझ पूरै नगरपालिका क्षेत्रभरि दीपावली गरिएको थियो ।

सत्यमोहन जोशीको शताब्दीको सन्दर्भमा धेरै सङ्घसंस्थाले आआफ्ना हिसाबमा काम गरेको पनि त्रिमूर्ति निकेतन र नइ प्रकाशनले अभिलेख राख्ने प्रयास गरिरह्यो । देशदेशान्तरको लेखाजोखा गर्दा ललितपुर उपमहानगरपालिका नै सत्यमोहन जोशीको शताब्दी मनाउनेमध्ये सर्वोत्कृष्ट ठहरियो । वास्तवमा ललितपुरले नेपाली वाङ्मयका लागि सधैँ प्रेरक हुने एउटा नमुना कार्य नै गरेर देखाइदियो । त्यसैले शताब्दी पुरुष डा.सत्यमोहन जोशीउपरको विशिष्ट योगदानको कदरस्वरूप त्रिमूर्ति निकेतनद्वारा ललितपुर उपमहानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनलाई शताब्दी पुरुषकै बाहुलीबाट ‘सत्यमोहन जोशी शताब्दी महोत्सव पदक’ अर्पण गरिएको थियो । सत्यमोहन जोशी शताब्दी महोत्सव र जोशीको व्यक्तित्वको थप उचाइका लागि मन, वचन र कर्मले सहयोग गर्ने तत्कालीन उपप्रधानमन्त्री, मन्त्री, माननीयलगायत देशदेशान्तरका दुई सय छब्बिस जना नेपाली महानुभावलाई पनि सो पदक समर्पण गरिएको थियो ।

## जोशीको जीवनशैली

सत्यमोहन जोशी नेपाली समाजमा श्रद्धेय स्रष्टाका रूपमा विराजमान भए । उनी सादा जीवनशैलीमा रहे । उनी आफ्नो हैसियतभन्दा माथि कहिल्यै चढेनन्, कहिल्यै बढेनन् र कहिल्यै सर्केनन् । कसैले उनको अपमान गर्दा पनि उनी कहिल्यै आत्तिएनन् ।

उनी सधैँ सानो भएर नै हिँडिरहे, भुइँ टेकेर नै हिँडिरहे र शिरमा आफ्नो मौलिकता भिरेर नै हिँडिरहे । एकडेढ घण्टासम्मको पैदल बाटोमा उनले सकेसम्म यातायातका साधन प्रयोग गरेनन् । तर ९९ वर्ष टेकेपछि उनले मोबाइल बोके, उनी मोटरमा सवार हुन थाले । किनभने उनलाई ललितपुर उपमहानगरपालिकाले मोबाइल र मोटर प्रदान गरेको थियो । कहिले मोबाइल बोक्न नमान्ने र मोटर चढ्न हिचकिचाउने जोशीले प्राप्त उपहारको उचित सदुपयोग भने गरिरहे ।

•

साँझ छिट्टै सुत्ने र बिहान सबेरै उठ्ने जोशीको जीवनचर्या रह्‍यो । बिहान उठेर स्वच्छ हावा पान गर्ने र सामान्य व्यायाम, प्राणायाम र आफ्ना कुलपितृ र इष्टदेवताको पूजापाठजस्तो नित्यकर्म उनले सधैँ पालना गरिरहे । नियमित शाकाहारी खाना र आफ्नो परम्परागत नेवारी खानपिनमा पनि उनले छेकबार गरेनन् ।

जोशीले आफ्नो देशको राष्ट्रिय पहिरनमाथि सधैँ गौरव गरे । उनी घरबाहिर जाँदा दौरा, सुरुवाल, कोट, टोपीमा मात्र देखिए । उनले कहिले ठूलो स्वरमा पनि बोलेनन् । नरम बोलीचाली उनको जीवनको नैसर्गिक गुण मानियो । वास्तवमै उनी नेपाली समाजका असल गुरुबाबु देखिए । समयको सही पालना गर्ने उनको जीवनको सबैभन्दा ठूलो विशेषता देखियो । भनौँ, उनी घडीको सुईजत्तिकै विश्वासिलो नै देखिए । यस्तै आदर्श, अनुशासन र मौलिकताले उनको भौतिक जीवन पनि शताब्दी वर्षमा प्रवेश गरेको छ । उनको जविनभरिको साहित्यिक मूल्यका कारण उनी ‘वाङ्मय शताब्दी पुरुष’ को उपाधिबाट सुशोभित भए । साथै यस उपाधिबाट सहस्राब्दीऔँसम्म पनि उनी सुशोभित भएको जानकारी जनजीवनले पाइरहनेछ ।

## जोशीका कृति

वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीकृत ७९ वटा पुस्तक प्रकाशित भइसकेका छन् । उनका कृतिहरू ३५ वटा नेपाली भाषा, ४३ वटा नेपाल (नेवारी) भाषा र एउटा अङ्ग्रेजी भाषामा प्रकाशित छन् ।

**राष्ट्रभाषा (नेपाली)**

**वर्णमाला**

१. नेपाली सजिलो वर्णमाला (२०१९)

**प्रबन्ध र निबन्ध**

२. गुलाफ र गुराँस (प्रबन्ध : २०२८)
३. राजमुकुट र राज्याभिषेक (प्रबन्ध : २०३१)
४. न्युजिल्यान्डमा पहिलो नेपाली (नियात्रा : २०४९)

**लोकसंस्कृति**

५. नेपाली लोकगीत एक अध्ययन (२०१२)
६. हाम्रो लोकसंस्कृति (२०१४)
७. कर्णाली लोकसंस्कृति (२०२८)

**संस्कृति**

८. नेपाली चाडपर्व (२०३९)
९. सांस्कृतिक नीति : एक अध्ययन (२०६०)
१०. नेवारहरूको महान् चाड 'म्हपूजा' (२०६६)
११. केही धार्मिक तथा सांस्कृतिक सम्पदाहरू (२०७५)
१२. नेपाल र चीनको सांस्कृतिक सम्बन्ध (ने.सं.११०८)

**कला**

१३. नेपाली प्रस्तर मूर्तिको विकासक्रम (२०३२)
१४. नेपाली धातुमूर्तिको विकासक्रम (२०३५)
१५. कलाकार अरनिको (२०४४)

१६. नेपाली चित्रकला (२०६९)

१७. नेपाली कलाको रूपरेखा (शोधग्रन्थ : २०७३)

**पुरातत्त्व**

१८. नेपाली राष्ट्रिय मुद्रा (२०१७)

१९. पुरातत्त्व : एक रोचक कथा (२०१९)

**कविता**

२०. लामा र पाचुके (खण्डकाव्यका रूपमा दुई पद्यात्मक कथा : २०२०)

२१. क्रान्तिका लहरहरू (कवितासङ्ग्रह : २०३०)

२२. अरनिकोकृत श्वेत चैत्य (महाकाव्य : २०७२; अनुवादक : अणुराज जोशी)

२३. कीर्तिबाबुका स्मृतिमा : श्रद्धाञ्जलीका दुई थुँगा फूल (२०७५)

**पूर्णाङ्की नाटक**

२४. सिपाही र रैती (२०२७)

२५. दैलाको बत्ती (२०२८)

२६. फर्केर हेर्दा (२०३३)

२७. जब घाम लाग्छ (२०३५)

२८. मृत्यु : एक प्रश्न (२०४२)

२९. बाघ भैरव (२०६२)

३०. मजिपालाखे (२०७१)

३१. सुनकेशरी मैया (२०७५)

**अनुवाद**

३२. माओ त्सेतुङका कविता (अनुवाद : सन् १९६७)

३३. महर्षि याज्ञवल्क्य (पूर्णाङ्की नाटक : २०७६) रोहिणीराज तिमिल्सिनाबाट संस्कृत भाषामा अनुवाद

**सम्पादन**

३४. श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थ (२०२१)

३५. महेन्द्रस्मृति ग्रन्थ (२०२९)

**मातृभाषा (नेवारी : नेपालभाषा)**

**बालसाहित्य**

१. साहित्यया मूलुखा (ने.सं.१०७८)

२. मचा भूगोल (ने.सं.१०७८)

३. चखुंचां हा:गु म्ये (ने.सं.११०३)

४. सत्य वर्णमाला (ने.सं.११२१)

५. नेवा: वर्णमाला (ने.सं.११३१)

**कविता**

६. शुभराज्याभिषेकया म्ये (गीतिकविता : वि.सं.२०१३)

७. जयप्रकाश (महाकाव्य : ने.सं.१०७५)

८. कलाकार अरनिकोया श्वेत चैत्य (महाकाव्य : ने.सं.११०४)

**कथासङ्ग्रह**

९. निम्ह मचाया माँ (ने.सं.१०७०)

**नाटक**

१०. सिद्धार्थ गौतम (एकाङ्की नाटक : ने.सं.१०२८)

११. सिद्धिदास (पूर्णाङ्की नाटक : ने.सं.१०७५)

१२. वैद्यबा: (पूर्णाङ्की नाटक : ने.सं.१०९१)

१३. न्हयूदँ लीपा (पूर्णाङ्की नाटक : ने.सं.१०९१)

१४. म्हगसय् नापला:म्ह (पूर्णाङ्की नाटक : ने.सं.१११९)

१५. आजुद्य: (पूर्णाङ्की नाटक : ने.सं.१११९)

१६. चारुमती (पूर्णाङ्की नाटक : ने.सं.११२८)

१७. बुद्धिमती धौंच्वलेचा (पूर्णाङ्की नाटक : ने.सं.११२९)

१८. लाखे क्व:थैगु (पूर्णाङ्की नाटक : ने.सं.११३९)

**निबन्ध र प्रबन्ध**

१९. सुखया किचलय् (ने.सं.१०७३)

२०. स्वां व सिन्ह: (निबन्धसङ्ग्रह : ने.सं.११०४)

२१. खँल्हाप्याखंया मुनाखँ (ने.सं.१११९)

२२. म्हपूजा (ने.सं.१११९)

२३. बखुंबाहा:या छत्वा:चा खँ (ने.सं.११३३)

**जीवनी**

२४. क्यांछ्या लामा व ङोन्डु लुमंति मुना (ने.सं.१०००)

२५. पं.वैद्य आशाकाजी वज्राचार्य (ने.सं.११११)

**व्याकरण**

२६. खँत्वा: खँभाय् (वाक्यांश पद्धति : ने.सं.१०७३)

२७. शुद्धं च्वयेगु सूत्र (ने.सं.१०७८)

**उखान**

२८. छुनाखँ मुना (उखानसङ्ग्रह : ने.सं.१०७८)

**कोश**

२९. सत्यकोश (ने.सं.१०९९)

३०. ब:चाधंगु नेवा: खँग्व: धुकू (नेपालभाषाको सङ्क्षिप्त कोश ने.सं.११०७)

३१. सच्छिग्व: खँग्व: (ने.सं.११३२)

**धार्मिक ग्रन्थ**

३२. नेपा:या बौद्धकला (वि.स.२०१३)

३३. अष्टसाहस्रिका प्रज्ञापारमिता (धारणीसङ्ग्रह : ने.स.११२५)

३४. अष्टसाहस्रिका प्रज्ञापारमिता म्हसीकेगु लिधंसा (ने.स.११२५)

**लिपि**

३५. हेमराज हस्तलिपिकला (ने.सं.११२१)

**अनुवाद**

३६. वैत हे हानं वैत हे (मवीवि शाहको 'उसैका लागि' र 'फेरि उसैका लागि' : ने.सं.१०९३)

३७. धम्मपद (श्लोकानुवाद : ने.सं.११०३)

**सम्पादन**

३८. विक्रम चरित (पं.हेमराज शाक्यसँगको सहसम्पादन : ने.सं.१०९०)

३९. किलं नयेमफुगु पौ (ने.सं.१०९४)

४०. अन्तर्राष्ट्रिय बौद्ध विद्यापीठ (ने.सं.११०८)
४१. कान्छा लामा व ङोन्दु (ने.सं. १११०)
४२. कुनसांलामे स्यालु ङोदु (लामा बौद्धग्रन्थ : ने.सं.१११०)
४३. हेमराज भिन्तुनादेछा (ने.सं.१११३)

**अङ्ग्रेजी भाषा**

४४. Legends of Lalitpur & Related Tales (सन् २००३)

**नेपाली र अङ्ग्रेजी भाषाका पत्रिका सम्पादन**

१. कलाकार त्रैमासिक (१-२ अङ्क : २००९)
२. सचित्रकला (२००९)
३. ललितपुर रक्षामण्डल आदर्श कलाप्रदर्शनी (स्मारिका : २००९)
४. विकास सचित्र मासिक (१-८ अङ्क : २०१५-२०१६)
५. पूर्वपश्चिम राजमार्ग मासिक (१-५ अङ्क : २०२१)
६. निर्माण पाक्षिक (१-२ अङ्क : २०२१)
७. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको पञ्चवर्षीय योजना (प्रतिवेदन : २०२८)
८. सांस्कृतिक सम्पदा संरक्षण (२०४३)
९. NACC Bulletin (Nepal-America Cultural Center; (१-१७ अङ्क : १९६१-१९६३)

# लेखक परिचय

## नरेन्द्रराज प्रसाई

**बुबाआमा** : जयप्रसाद प्रसाई (१९७५-२०२०) तथा भागीरथा प्रसाई (१९७६-२०६८); **जन्म** : २०११ साल चैत २९ गते (हाङपाङ आठराई, ताप्लेजुङ); **शिक्षा** : स्नातक; **कृति** : ७९ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, सम्पादन); **विभूषण र पुरस्कार** : प्रबल गोरखादक्षिणबाहु, गद्दीआरोहण रजतपदक, वीरेन्द्रऐश्वर्य सेवापदक, भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, राष्ट्रिय गौरव युवासम्मान, जेसिस साहित्य स्वर्णपदक, युवावर्ष मोती पुरस्कार, उत्तमशान्ति पुरस्कार, दीपज्योति पुरस्कार, भद्र घले पुरस्कार, देरुनीख पुरस्कार, भारती खरेल पुरस्कार; **भ्रमण** : १४ अञ्चलका ६१ जिल्ला तथा भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका; **परिकल्पना तथा प्रबन्धन** : देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, विश्व नारी नेपाली साहित्य सम्मेलन, आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार), सत्यमोहन जोशी शताब्दी महोत्सव, नेपाल-भारत नेपाली भाषासाहित्य प्राध्यापक सम्मेलन, डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि, डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि, डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि आदि; **संस्थापक** : त्रिमूर्ति निकेतन र नइ प्रकाशन ।